# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको साधन हो । वक्ताका मनमस्तिष्कमा रहेका भावना वा विचार स्रोतासमक्ष पुऱ्याउने माध्यम नै भाषा हो । यसर्थ भाषालाई विचार विनिमयको साधनका रूपमा बुझ्न सकिन्छ । भाषामा सिर्जनशीलता वा उत्पादनशीलताको गुण हुन्छ । यसैले सीमित शब्द जाने पढेका आधारमा असीमित शब्दको अर्थ बुझ्न सकिएको हो । सीमित शब्द र सीमित वाक्य ढाँचाको ज्ञानबाट कुनै भाषाका वक्ताहरूले असीमित शब्द र वाक्य बनाउन र बुझ्न सक्दछ । भाषामा आफैँ बनेका र पछि बनाइएका गरी दुई प्रकारका शब्दहरू हुन्छन् । आफैँ बनेका शब्दलाई स्वतः निर्मित शब्द, आधार शब्द, मूल शब्द वा अव्युत्पन्न शब्द पनि भनिन्छ । नयाँ वा निर्मित शब्द बनाउँदा मूल शब्दमा प्रत्यय जोड्न, उपसर्ग जोड्न एकभन्दा बढी शब्दहरू एकै ठाउँमा जोड्न र उनकै शब्दको द्वित्व आदि गर्न सकिन्छ । सन्धिद्वारा पनि शब्दनिर्माण गर्न सकिन्छ । त्यसैले सर्गप्रक्रिया, समासप्रक्रिया र द्वित्वप्रक्रियाद्वारा शब्दहरूको रचना गर्नुलाई नै शब्दनिर्माण भनिन्छ । यसरी दुई वा दुईभन्दा बढी शब्दहरूको संयोजन वा मिलनबाट नयाँ शब्द बन्ने प्रक्रियालाई शब्दनिर्माण भनिन्छ ।

शब्दनिर्माणलाई शब्दरचना वा शब्दव्युत्पादन पनि भनिन्छ । शब्दव्युत्पादन बनोट हो, धातु वा मूल शब्दमा उपसर्ग वा प्रत्यय लगाएर तथा समास वा द्वित्व गरेर नयाँ शब्द बनाउने कार्य शब्दनिर्माण हो । शब्दनिर्माणका क्रममा प्रयोग हुने धातु वा शब्दलाई आधारतत्त्व वा आधार पद र उपसर्ग, प्रत्यय वा शब्दलाई आधेय तत्त्वका रूपमा लिइन्छ । एउटा शब्दमा एक वा एकभन्दा बढी रूपात्मक अवयवहरू हुन सक्छन् । जुन शब्दमा अर्थ भेदक हुन सक्ने एउटै अवयव हुन्छ, त्यो शब्द अव्युत्पन्न मानिन्छ । अव्युत्पन्न शब्दमा एकभन्दा बढी रूपात्मक अङ्ग प्रत्यङ्गको कुरा प्रासङ्गिक हुँदैन तर कतिपय शब्दहरूको निर्माणमा एकभन्दा बढी रूपात्मक अवयवहरूको संलग्नता रहन्छ । त्यसैले व्याकरणमा शब्दनिर्माणको भूमिका महत्त्वपूर्ण रहने गर्दछ । कुन शब्द के कसरी, कस्ता शब्द कुन प्रक्रियाद्वारा रचना भएको हो भन्ने कुराको सही अभिव्यक्ति दिन शब्दमा शब्दनिर्माणले

महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । लिखित अभिव्यक्ति क्षमता राम्रो बनाउनका लागि सिकारु यसमा अभ्यस्त हुन आवश्यक छ । यो सिकाइ क्षमताअन्तर्गत आधारभूत शिक्षा पाठ्यक्रमले निम्नमाध्यमिक विद्यालय तहमा ३४ ओटा सक्षमताअन्तर्गत पर्दछन् । जसमा १३ ओटा सक्षमताहरू राखिएको पाइन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६९ : १) । यस्तो परिप्रेक्ष्यमा प्रस्तुत शोधकार्यमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमता अध्ययन गर्ने उद्देश्यले यो शीर्षक छनोट गरिएको हो ।

## १.२ समस्याकथन

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमतामा विभिन्न पाठ, अनुच्छेदमा विद्यार्थीहरूलाई सहभागी गराई सर्गप्रक्रियाद्वारा, द्वित्वप्रक्रियाद्वारा, समासप्रक्रियाद्वारा, शब्दहरूलाई छुट्टाछुट्टै आधारमा शब्दनिर्माण गर्न लगाइएको छ । शब्दनिर्माण सिकारुको विचार सङ्गठन वा प्रस्तुतीकरण, वाक्यरचनात्मक, शब्द प्रयोगगत, वर्णविन्यासगत, सफाइगत जस्ता त्रुटिहरूको अध्ययन गर्न सकिन्छ । त्यसैले यस अध्यायमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमतालाई मूल समस्या बनाई त्यससम्बन्धी समाधानका लागि निम्नलिखित शोधप्रश्नहरू सोधिएका छन् :

क) सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमता के कस्तो छ ?

ख) उक्त जिल्लाका विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा शब्दनिर्माण क्षमताको स्थिति के कस्तो छ ?

ग) उक्त जिल्लाका विद्यार्थीहरूको लैङ्गिकताका आधारमा शब्दनिर्माण क्षमता के कस्तो छ ?

घ) उक्त जिल्लाका विद्यालयको प्रकृतिका आधारमा शब्दनिर्माण क्षमताको अवस्था के कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

उपर्युक्त समस्या समाधानका लागि यस शोधकार्यमा निम्नलिखित उद्देश्य निर्धारण गरिएका छन् :

क) सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको पहिचान गर्नु,

ख) उक्त जिल्लाका विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा शब्दनिर्माण क्षमताको स्थिति पहिल्याउनु,

ग) उक्त जिल्लाका विद्यार्थीहरूको लैङ्गिकताका आधारमा शब्दनिर्माण क्षमताको पहिचान गर्नु,

घ) उक्त जिल्लाका विद्यालयको प्रकृतिका आधारमा शब्दनिर्माण क्षमताको अवस्था औंल्याउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

शब्द भनेको भाषाको सम्पत्ति हो । भाषा सम्पन्न छ कि छैन भन्ने कुरा पनि त्यसको ढुकुटीमा निर्भर हुन्छ । भाषा अभिव्यक्तिको सबैभन्दा उत्कृष्ट साधन हो । विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीहरूका शब्दनिर्माण शिक्षणका क्रममा आवश्यक जानकारी प्रदान गर्न यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

शब्दको सम्बन्ध हाम्रा अनुभूतिहरूसँग हुन्छ र अनुभूतिहरू हाम्रो प्रज्ञाको सक्रियतामा निर्भर हुन्छन् । जति विकसित हाम्रो समाज हुन्छ त्यति नै विकसित शब्दनिर्माणको पनि विकसित भएको हुन्छ । यस सन्दर्भमा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको सही पहिचान गरी शब्दनिर्माण क्षमता अभिवृद्धि गरी शब्दहरूको सही अवलम्बन गर्न शिक्षकलाई मार्गदर्शन भएको छ ।

प्रस्तुत अध्ययनको सान्दर्भिकता र उपयोगितालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमता पहिल्याइएको छ ।

(ख) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमता पहिचान गरिएको छ ।

(ग) विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको भिन्नतालाई केलाउने प्रयत्न गरिएको छ ।

## १.५ अध्ययनको परिसीमा/सीमाङ्कन

प्रस्तुत शीर्षकको अध्ययन अनुसन्धान गर्दा कक्षा आठमा सम्पूर्ण विद्यार्थीहरूको अध्ययन गर्न असम्भव हुने भएकोले केही विद्यार्थीहरूको निश्चित सीमाङ्कन गरिएको छ।

(क) यस अध्ययनमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई मात्र समावेश गरिएको छ।

(ख) विद्यालय प्रकृतिका आधारमा तिनओटा सामुदायिक र तिन ओटा संस्थागत विद्यालयलाई मात्र समावेश गरिएको छ।

(ग) लैङ्गिक आधारमा छओटा विद्यालयका छात्र ४८ र छात्रा ४८ गरी जम्मा ९६ विद्यार्थीहरूलाई मात्र समावेश गरिएको छ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित गर्न निम्न अध्यायहरूमा विभाजन गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तिन : शोधविधि र प्रक्रिया

अध्याय चार : सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमता

अध्याय पाँच : सोलुखुम्बु जिल्लाका विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा शब्दनिर्माण क्षमता

अध्याय छ : सोलुखुम्बु जिल्लाका विद्यार्थीहरूको लैङ्गिकताका आधारमा शब्दनिर्माण क्षमता

अध्याय सात : सोलुखुम्बु जिल्लाका विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरुको शब्दनिर्माण क्षमता

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

## अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानको सिलसिलामा सम्बन्धित विषयमा यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोध, प्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । यसले सम्बन्धित विषयमा के कति अध्ययन अनुसन्धान भएका छन् र के कति काम बाँकी छन् भन्ने कुराको जानकारी प्रदान गर्दछ । प्रस्तुत शोधप्रस्तावना तयार पार्नका लागि गरिएका पूर्वकार्यको पुनरावलोकनलाई निम्नानुसार उल्लेख गरिएको छ :

### २.१.१ सम्बद्ध पुस्तक पुनरावलोकन

कुनै पनि विषयको अध्ययन गर्नुपूर्व सम्बन्धित विषय शीर्षकसँग सम्बद्ध पुस्तकहरूको गहन रूपमा अधययन विश्लेषण गर्नु जरुरी हुन्छ । यसले प्रस्तुत शोधलाई अगाडि बढाउन मार्ग प्रशस्त प्रदान गर्छ । यसर्थ प्रस्तुत शोधकार्यसँग सम्बन्धित पुस्तकहरूको समीक्षा निम्नानुसार गरिएको छ :

सिग्द्याल (२०५५) द्वारा *मध्यचन्द्रिका* शीर्षकमा पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकको अध्याय पच्चिसमा शब्दरचनाको परिचय प्रकार, शब्दका प्रकारहरूलाई बुँदागत रूपमा लेखी छुट्टाछुट्टै व्याख्या गरिएको पाइन्छ र शब्द कसरी बन्छ र त्यस शब्दले के  कसरी शब्दनिर्माण गर्न सकिन्छ भनेर समेत विश्लेषण गरिएको पाइन्छ । यसमा शब्द दुई प्रकारको मूल शब्द र व्युत्पन्न शब्द त्यसपछि व्युत्पन्न शब्द पनि तिन किसिमको हुन्छ भनी कृदन्त, तद्धितान्त, समस्त शब्द हुन्छ भनी छुट्टै आधारमा वर्गीकरण गरिएको पाइन्छ । यसरी शब्दलाई विभिन्न शीर्षक, उपशीर्षकमा विस्तृत रूपमा प्रकाशन गरिएको छ । उक्त पुस्तकमा उल्लिखित शब्दको परिचय र शब्दनिर्माणसम्बन्धी जानकारीहरू एवम् सूचनाहरू शोधकार्यका लागि निकै उपयोगी सामग्रीका रूपमा देखिन्छ ।

भट्टराई (२०५८) द्वारा *नवीन माध्यमिक व्याकरण र रचना* पुस्तकको अध्याय पैँतिसमा 'शब्दनिर्माणको परिचय', शब्दनिर्माण प्रक्रिया यी दुई शीर्षकमा सविस्तार गरिएको छ । त्यसैगरी अध्याय छत्तिसमा 'उपसर्गप्रक्रिया र शब्दनिर्माण' शीर्षकमा उपसर्गको परिचय, उपसर्गद्वारा शब्दनिर्माण, तद्भव, उपसर्ग र शब्दनिर्माण उपशीर्षक दिइएको छ साथै अध्याय सैतिसमा 'कृत-प्रक्रिया र शब्दनिर्माण' शीर्षक दिइएको छ जसमा कृत्प्रत्ययको परिचय, कृत्-प्रत्यय र शब्दनिर्माण, तत्सम कृत्प्रत्यय र शब्दनिर्माणको विश्लेषण गरिएको छ । अध्याय अड्तिसमा 'तद्धित प्रक्रिया र शब्दनिर्माण' शीर्षकमा तद्धित प्रत्ययको परिचय, तद्धित प्रत्यय र शब्दनिर्माण, तद्भव (नेपाली) तद्धित प्रत्यय र शब्दनिर्माण, तत्सम (संस्कृत) तद्धित प्रत्यय र शब्दनिर्माणको उदाहरणसहित पुष्टि गरिएको छ । अध्याय उनान्चालिसमा 'समासप्रक्रिया र शब्दनिर्माण' शीर्षकमा समासको परिचय र प्रकार, छुट्टाछुट्टै रूपमा व्याख्यासहित उदाहरणमा स्पष्ट पारिएको छ । अध्याय चालिसमा 'द्वित्वप्रक्रिया र शब्दनिर्माण' शीर्षकमा द्वित्वको परिचय द्वित्वको प्रकारका बारेमा विश्लेषण गरिएको छ । अन्तमा यी पाठलाई उपसंहारका रूपमा संक्षेपीकरण गरिएको छ । उक्त पुस्तकमा प्रस्तुत शब्दनिर्माण सम्बन्ध महत्त्वपूर्ण जानकारीहरूबाट शब्दनिर्माण आवश्यकता र निर्माण प्रक्रियाका आधारहरू पहिचान गर्न शब्दनिर्माण क्षमता विधिहरूबारे सूचना प्राप्त गर्नका लागि विभिन्न शोधकर्ता र भावी पुस्तक लेखनको आधारका निम्ति उपयोगी सामग्रीका रूपमा देखिन्छ ।

अधिकारी (२०७१) द्वारा *समसामयिक नेपाली व्याकरण* शीर्षकमा पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकको अध्याय पन्ध्रमा 'शब्द व्युत्पादन' शीर्षकअन्तर्गत शब्द व्युत्पादनको परिचय, शब्द व्युत्पादनको प्रकार, उपसर्ग र शब्दवर्ग, आधारतत्त्वको शब्दवर्गीय अस्पष्टता, धातुसँग उपसर्गको संयोजन, उपसर्गद्वारा व्युत्पादित शब्द, उपसर्ग र सन्धि, कृत्प्रक्रिया, तद्धितप्रक्रिया, समासप्रक्रियाद्वारा विभिन्न आधारमा शब्दहरूको परिचयसहित सम्पूर्ण शब्दरचनाको व्युत्पादनसमेत गरिएको पाइन्छ । उक्त पुस्तकमा प्रस्तुत विषयवस्तुबाट उपसर्गप्रक्रियाद्वारा, कृत्प्रक्रियाद्वारा, कृदन्त शब्द : तत्सम व्युत्पन्न, सन्धिगत परिवर्तन, तद्धितान्त शब्द : तत्सम व्युत्पन्न, समासप्रक्रिया समासका प्रकार, द्वित्वप्रक्रियासँग सम्बन्धित शोधकार्यका निम्ति यो पुस्तक उपयोगी हुने देखिन्छ ।

गौतम, भण्डारी र ओझा (२०७१) द्वारा *स्नातक नेपाली* शीर्षकमा पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकको अध्याय दुईमा 'शब्दनिर्माण' शीर्षकअन्तर्गत शब्दनिर्माण परिचय, उपसर्गद्वारा शब्दनिर्माण, प्रत्ययद्वारा शब्दनिर्माण, कृत्प्रत्ययद्वारा शब्दनिर्माण, तद्धित प्रत्ययद्वारा शब्दनिर्माण जस्ता उपशीर्षकहरूमा विभिन्न महत्त्वपूर्ण जानकारीहरू प्रस्तुत गरिएको पाइन्छ । शब्दनिर्माणका क्रममा प्रयोग हुने धातु वा शब्दलाई आधारतत्त्व वा आधारतत्त्व शब्दनिर्माणका अनिवार्य वा प्रधान तत्त्व साथै आधेय तत्त्वहरू शब्दमा आश्रित रहने जस्ता विभिन्न प्रक्रियाहरूलाई विस्तृत रूपमा व्याख्या गरिएको पाइन्छ । यसरी शब्दनिर्माणमा उपसर्गद्वारा, प्रत्ययद्वारा, कृत्प्रत्ययद्वारा, तद्धित प्रत्ययद्वारा छुट्टाछुट्टै आधारमा शब्दहरूलाई प्रभावकारी उपलब्धिमूलक र सान्दर्भिक उपयुक्त अर्थ दिने किसिमको शब्दनिर्माण गर्न सकिन्छ ।

बराल र एटम (२०७२) द्वारा *माध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास* शीर्षकमा पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकको अध्याय बाह्रमा शब्दनिर्माणको परिचय, शब्दरचनात्मक आधारमा शब्दका प्रकार र शब्दरचनाका पद्धतिहरू जस्ता शीर्षकहरू राखिएका छन् । तिनीहरूमध्ये शब्दनिर्माणको परिचय र शब्दका प्रकारका आधारमा भाषाको नियमअनुसार आधारतत्त्वसँग आधेय तत्त्वको मेल र नेपाली भाषामा शब्दनिर्माण गर्नका लागि सर्गप्रक्रिया, समासप्रक्रिया, द्वित्वप्रक्रियाहरू प्रयोगमा विषयवस्तुको प्रस्तुत गरिएको छ । शब्दको बनोट हेर्दा भाषामा केही शब्दहरू धातु वा उपसर्ग, प्रत्यय लागेर शब्द नै दोहोरिएर निर्माण गरिएका हुन्छन् । उक्त पुस्तकमा प्रस्तुत विषयवस्तुबाट शब्दनिर्माण के हो, यसको शब्दको कसरी वर्गीकरण गर्न सकिन्छ । शब्दहरूलाई छुट्टाछुट्टै आधारमा निर्माण र प्रयोग गर्नसमेत पुस्तक उपयोगी देखिन्छ ।

उपर्युक्त पुस्तकहरूको अध्ययनले प्रस्तुत शोधकार्य सामग्री सङ्कलन गर्न, अध्ययनको रूपरेखा निर्माण गर्न, सिद्धान्त निर्माण गर्न, व्याख्या विश्लेषण र अनुसन्धानलाई व्यवस्थित बनाउन सहयोग गरेको पाइन्छ ।

### २.१.२ सम्बद्ध शोधकार्यको पुनरावलोकन

प्रस्तुत शोधकार्यको पुनरावलोकन सम्पन्न गर्नुअघि गरिएका यससँग सम्बन्धित शोधकार्यको गहन रूपमा अध्ययन मनन गर्नु जरुरी देखिन्छ । यसको अध्ययनबाट प्रस्तुत

शोधकार्य सरल र सहज रूपमा सम्पन्न गर्न मार्ग प्रशस्त हुने गर्दछ । यसर्थ प्रस्तुत शीर्षकसँग खासै सम्बन्धित नभए तापनि केही मिल्दाजुल्दा देखिने भएकाले यस अध्ययनको समीक्षा निम्नानुसार गरिएको छ :

भट्टराई (२०६०) द्वारा 'कक्षा नौको पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त अध्ययनको उद्देश्य कठिन शब्दहरूको जटिलता क्रमिक रूपमा उन्नयन गर्नेतर्फ ध्यान नदिइएको, कठिन शब्दहरूको अत्यधिक प्रयोगले पाठ्यपुस्तक बोझिलो बन्न पुगेको, पद वर्गका दृष्टिकोणले शब्दहरूको अनुपात मिले पनि नाम वर्गका शब्दहरू बढी र क्रियाविशेषण वर्गका शब्दहरू निकै कम पाइएको, छनोट र स्तरणमा त्यति ध्यान नपुगेको, भाषा सिकाइका दृष्टिले तद्भव शब्दहरू भन्दा तत्सम शब्दहरू बढी हुनु औचित्यपूर्ण नभएको, मानिसको ज्ञान र अनुभव वृद्धिसँग सम्बन्धित शब्दभण्डारमा पनि विविधता र गहनता थपिँदै जानुपर्नेमा त्यसतर्फ ध्यान नपुगेको जस्ता निष्कर्षहरू निकालेको छ । यसरी यस अध्ययन कथा विधामा शब्दभण्डारको अध्यनसँग मिल्दोजुल्दो छ तर शब्दनिर्माण क्षमताका लागि उपयुक्त छैन ।

थापा (२०६१) द्वारा 'कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरेको पाइन्छ । उक्त शोधपत्रमा कक्षा दशको पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको सङ्ख्या पत्ता लगाउन तिनको बनोट प्रक्रिया र शब्दहरूको पदवर्ग छुट्याउन जस्ता उद्देश्यहरूमा केन्द्रित भई अध्ययन गरिएको छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग गरिएको सन्दर्भ सामग्री र अभ्यास खण्डलाई छाडेर पाठहरूबाट मात्र तत्सम शब्दको सङ्कलन गरिएको छ भन्ने सीमा निर्धारण गरिएको छ । उक्त अध्ययनमा कक्षा दशको पाठ्यपुस्तकमा जम्मा १५९११ शब्दहरू रहेको र त्यसमा १३०७ ओटा तत्सम शब्दहरू देखाइएको छ । तद्भव, आगन्तुक शब्दहरूको तुलनामा तत्सम शब्दहरूको उपस्थिति कम भएको, स्तर र तहअनुसार शब्द भण्डारको चयन नगरिएको, कुनै पाठमा ज्यादै सरल र कुनै पाठमा अत्यधिक कठिन शब्दहरू राखिएको निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी यस अध्ययनबाट कक्षा दशको पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको खोजी र विश्लेषण गर्न उपयुक्त भए तापनि शब्दनिर्माण क्षमतामा गुणस्तरीयता र उपयुक्तताको स्वरूपमा लैजान सकिँदैन ।

अर्याल (२०६२) द्वारा 'कक्षा सात पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान कार्य गरेकी छन् । उक्त शोधपत्रमा कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट शब्दभण्डार मार्फत् विद्यार्थीहरूको भाषिक क्षमताको पहिचान गर्नु र विद्यालयको स्वरूप स्थानीयता र लिङ्गका आधारमा सो कक्षा पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नुलाई मुख्य उद्देश्य बनाइएको छ । उक्त अध्ययन समग्र शब्दभण्डार क्षमतामा हेर्दा बहुसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा तल रहेकाले शब्दभण्डार क्षमता कमजोर रहेको, ग्रामीण क्षेत्रका विद्यार्थीहरूभन्दा सहरी क्षेत्रका विद्यार्थीहरूको शब्दभण्डार क्षमता अगाडि रहेको, सरकारी विद्यालयभन्दा निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता बढी रहेको, पहिचानात्मक शब्दभण्डार क्षमता बढी रहेको, पहिचानात्मक शब्दभण्डार क्षमतामा गाउँ र सहरका विद्यार्थीहरू पनि शब्दभण्डार क्षमतामा अन्तर रहेको, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको बिचमा पनि शब्दभण्डार क्षमता अन्तर रहेको र तुलनात्मक रूपमा पहिचानात्मक शब्दभण्डार क्षमता राम्रो रहेको निष्कर्ष अर्यालले आफ्नो शोधपत्रमा उल्लेख गरेकी छन् । नमुनाका रूपमा कक्षा सात पूरा गरेका सामुदायिक र संस्थागत ५/५ ओटा विद्यालय लिई ५/५ जना गरी जम्मा ५० जना विद्यार्थीहरूलाई अध्ययनमा संलग्नता गराइएको थियो । विद्यार्थीहरूबाट सामग्री सङ्कलनका लागि वर्णनात्मक र विवरणात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनको निष्कर्षमा उपयुक्तता प्रभावकारिता आए तापनि शब्दनिर्माण क्षमताको अध्ययनका लागि त्यति सुहाउँदो नहुन सक्दछ ।

पौडेल (२०६४) द्वारा 'कक्षा छ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' क शीर्षकमा स्नातकोत्तर शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त अध्ययनको उद्देश्य कक्षा छ पूरा गरेका विद्यार्थीहरूको पठित शब्दभण्डारको क्षमता पहिचान गर्नु, निम्नलिखित आधारमा कक्षा छ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नु, १. विद्यालयको स्वरूप २. स्थानीयता ३. लिङ्ग, ४. भाषिक पृष्ठभूमि, कक्षा छ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमता अभिवृद्धि गर्ने उपायहरू पहिल्याउनु मुख्य उद्देश्य रहेका छन् । प्रस्तुत अध्ययनमा कक्षा छ उत्तीर्ण विद्यार्थीहरूको शब्दभण्डार सामर्थ्य पहिल्याउने कुरामा केन्द्रित भएकाले शैक्षिक सत्र २०६१/०६२ को कक्षा छ पूरा गरेका विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनमा जनसङ्ख्याको रूपमा लिएकी छन् ।

जनसङ्ख्या नमुनाका रूपमा सम्पूर्ण विद्यार्थीहरूलाई अध्ययनमा समेट्न असम्भव भएकाले काठमाडौँ जिल्लाका महानगरपालिका भित्रका २ सरकारी र २ निजी अनि महानगरपालिका बाहिरका २ सरकारी र २ निजीका दरले जम्मा १८० विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरेकी छन् । यस अध्ययनको निष्कर्षमा कक्षा छका विद्यार्थीहरूको कठिन शब्दहरूको उपयुक्त रूपमा शब्दहरूको पहिचान गर्न सक्ने निष्कर्ष निकालेकी छिन् । यस अध्ययनको उद्देश्य शब्दभण्डार क्षमताको अध्ययन गर्नु रहेको छ । यस शीर्षकले शब्दनिर्माणमा केही सहयोग पुऱ्याए तापनि गुणस्तरीय, प्रभावकारिता उपलब्धिमूलक नहुन सक्छ ।

खतिवडा (२०६६) द्वारा 'तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । क्षेत्रीय अध्ययन, प्रतिनिधि नमुना छनोट, सामग्री सङ्कलन, पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन जस्ता विधिको प्रयोग गरिएको उक्त शोधपत्रमा ४ सामुदायिक र ४ संस्थागत विद्यालयका ८ छात्र र ८ छात्रा गरी जम्मा १६ जना विद्यार्थीहरूको कुल मध्यमान ४०.५ रहेको र त्यसमा पनि १० जना विद्यार्थीहरू मध्यमानभन्दा माथि र ६ जना विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूलाई उनीहरूको भाषिक पृष्ठभूमि, लैङ्गिक आधार (छात्र र छात्रा) का आधारमा तुलना गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक विश्लेषण गर्ने उद्देश्यमा आधारित रहेको उक्त शोधपत्रमा छात्रभन्दा छात्राको शब्दभण्डार क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ ।

भट्टराई (२०६६) द्वारा 'कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कानुनी शब्दावलीको विश्लेषणात्मक अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कानुनी शब्दावलीको पहिचान गर्ने, ती शब्दहरूलाई पदवर्ग र स्रोतका आधारमा वर्गीकरण गर्ने, विश्लेषण गर्ने ती शब्दहरूको आधार संरचना पहिल्याउने, कानुनी शब्दावलीको अर्थगत प्रयोगको मूल्याङ्कन गर्ने भन्ने उद्देश्य राखिएको छ । उक्त अध्ययनले पाठ्यपुस्तकमा कानुनी शब्दहरूको कम भएको, शब्दहरूको पाठगत विवरण सन्तुलित नभएको, स्रोतका आधारमा कानुनी शब्दहरू आएको तर अरबी, फारसीबाट आएका कानुनी शब्दहरू कम रहेको निष्कर्ष निकालिएको छ । यसरी कक्षा नौमा ४५० कानुनी शब्दको प्रयोग र कक्षा दशमा ३६५ कानुनी शब्दको प्रयोग भएको छ ।

यसरी यस अध्ययनका लागि यस शीर्षक र उद्देश्य उपयुक्त भए तापनि शब्दनिर्माण क्षमताको अध्ययनका लागि खासै उपयुक्त मानिँदैन ।

अर्याल (२०६७) द्वारा 'कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्र कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूका आधारमा शब्दभण्डारको तुलना गर्नु, लैङ्गिक आधारमा शब्दभण्डार क्षमता पहिल्याउनु, मातृभाषी र विमातृभाषी विद्यार्थीको आधारमा शब्दभण्डार पहिल्याउनु र विद्यालयका प्रकृतिका आधारमा शब्दभण्डार क्षमताको अध्ययन गर्ने उद्देश्यमा केन्द्रित छ । प्रस्तुत अध्ययन काठमाडौँ उपत्यकाभित्रका ५ सामुदायिक र ५ संस्थागत विद्यालयमा मात्र सीमित रहेको उक्त शोधपत्रमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी नमुना छनोट विधिको प्रयोग गरिएको छ । नमुना छनोटमा परेका विद्यालयहरूबाट ५ छात्र र ५ छात्रा गरी जम्मा १० जना विद्यार्थीहरूको कुल मध्यमान ३८.८ रहेको र त्यसमा पनि ६ जना विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४ जना विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यस आधारमा उक्त विद्यालयमा विद्यार्थीहरूको शब्दभण्डार क्षमता सन्तोषजनक मानिएको छ ।

भट्टराई (२०६७) द्वारा 'कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधकार्यमा कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरू केकति रहेका छन् र ती शब्दहरूको बनोट प्रक्रिया देखाउने उद्देश्य निर्धारण गरिएको छ । प्रस्तुत शोधकार्य देखिएका समस्या समाधानका लागि शिक्षक, भाषा विशेषज्ञ एवम् शिक्षाविद्सँग सहयोग लिइएको छ । यस अध्ययनका क्रममा पुस्तकालयीय विधिको प्रयोग गरी कक्षा पाँचको पाठ्यपुस्तकमा जम्मा ८३३३५ शब्दहरूको प्रयोग भएका र त्यसमा ५१० ओटा तत्सम शब्दहरू राखिएको छ । तत्सम शब्दको तुलनामा तद्भव र आगन्तुक शब्दहरू बढी रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययन उपर्युक्त पहिचान गर्न सके तापनि शब्दनिर्माणको पहिचान गर्न यस अध्ययनबाट असहज हुन सक्दछ ।

राई (२०६७) द्वारा 'कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा राईले कक्षा एघारको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको स्रोतहरूको पहिचान खुलस्त पार्नु, पदवर्गगत हिसाबले ती शब्दहरूको वर्गीकरण, प्रयोग आधिक्यताबारे जानकारी दिनु प्रयुक्त शब्दभण्डारको बनोटबारे खुलस्त पार्नु, आवश्यक सुझाव, सल्लाह र निष्कर्ष दिनु, राखिएको पाइन्छ । प्रस्तुत शोधमा सङ्कलन र तालिकीकरण विधिको प्रयोग गरी यस्ता निष्कर्ष निकालिएको पाइन्छ । कक्षा एघारको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा भएका पाठहरूका शब्दभण्डारका पाठगत रूपमा नाम, क्रिया, विशेषण, क्रियाविशेषण, नामयोगी, सर्वनाम, निपात, संयोजक आदि शब्दहरू आवृत्त शब्द अनावृत्त शब्द गरी जम्माजम्मी १८९५ रहेका छन् । उक्त शब्दहरूलाई वर्ग, स्रोत र बनोटका आधारमा वर्गीकरण गरिएका छन् । वर्गगत हिसाबमा सबैभन्दा बढी नाम शब्द त्यसपछि क्रमशः क्रिया, विशेषण, क्रियायोगी, सर्वनाम, संयोजक, नामयोगी लगायत अन्य शब्दहरू रहेका छन् । शब्दभण्डार शिक्षणका दृष्टिमा आगन्तुक शब्द निकै कम रहेको देखिन्छ ।

शर्मा (२०६७) द्वारा 'कक्षा चार पूरा गरेका दृष्टिविहीन विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । कक्षा पाँचमा अध्ययनरत दृष्टिविहीन विद्यार्थीहरूको पठित शब्दभण्डारको क्षमता पहिचान गर्नु, दृष्टिविहीन छात्र-छात्राहरूबिचमा रहेको शब्दभण्डार क्षमताको विश्लेषण गर्नु, ग्रामीण तथा सहरी क्षेत्रमा अध्ययनरत दृष्टिविहीन विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा रहेका फरक पत्ता लगाउनु उद्देश्यमा प्रस्तुत प्रतिवेदन प्रस्तुत रहेको छ । जनसङ्ख्या तथा नमुना छनोटद्वारा दृष्टिविहीन विद्यार्थीहरूको शब्दभण्डार सामर्थ्य पहिल्याउन केन्द्रित भएकाले शैक्षिक सत्र २०६५/०६६ को उक्त तहमा अध्ययनरत गर्ने विद्यार्थीहरूलाई यस अध्ययनका लागि प्राथमिक सामग्री सङ्कलन गरिएको छ भने आवश्यकताअनुसार द्वितीयक स्रोतको सामग्रीको समेत उपयोग गरिएको छ । यस अध्ययनका लागि कक्षा चारको नेपाली किताबका शब्दहरूलाई सूचीबद्ध गरी त्यसपश्चात् ती शब्दहरूलाई नाम, विशेषण, क्रिया, अव्यय, आदिमा वर्गीकरण गरी उक्त सूचीका आधारमा समानुपातिक प्रतिशत हेरी तदनुरूप सङ्ख्यामा हरेक वर्गका शब्दहरूको समान प्रतिनिधित्व हुने गरी केही

शब्दहरूलाई पुनः सूचीबद्ध गरी सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूको अन्तिम सूचीबाट पहिचानात्मक र उत्पादनात्मक प्रकृतिका प्रश्नहरू निर्माण गरी परीक्षणका लागि विद्यार्थीहरूको पहिचानात्मक र उत्पादनात्मक शब्दभण्डार क्षमताको निष्कर्ष निकालियो । नमुनाका रूपमा कक्षा ४ पूरा गरेका विद्यार्थीहरूमध्ये ५ विद्यालयबाट १०/१० जना गरी जम्मा ५० जना दृष्टिविहीन विद्यार्थीहरूलाई छनोट गरिएको छ । यसरी तयार पारिएको शोधकार्य शब्दभण्डार क्षमताका लागि उपयुक्त भए तापनि शब्दनिर्माण खासै उपयोगी रहन सक्दैन ।

खनाल (२०६९) द्वारा 'अनौपचारिक शिक्षाका 'नयाँ किरण' पाठ्यपुस्तकमा समाविष्ट शब्दभण्डारको अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । उक्त शोधकार्यमा अनौपचारिक शिक्षामा 'नयाँ किरण' नेपाली भाषा दोस्रो तहको पाठ्यपुस्तकको शब्दभण्डारमा प्रयुक्त शब्दहरूको स्रोत पत्ता लगाउनु, शब्दवर्गको पहिचान गरी विश्लेषण गर्नु, सिकारुको स्तर र सन्दर्भ पूर्णताका दृष्टिले शब्दभण्डारको अध्यनय गर्नु, आवश्यक सुझावहरू प्रस्तुत गर्नु उद्देश्य रहेको पाइन्छ । अनौपचारिक शिक्षा दोस्रो तहको 'नयाँ किरण' नेपाली पाठ्यपुस्तकमा समाविष्ट भएका जम्मा ५९२० शब्दहरमध्ये अनावृत्त शब्द सङ्ख्या १३१९ (२२.२८%) रहेको र अनावृत्त शब्दअन्तर्गत पनि तद्भव शब्दहरू जम्मा ७८० (५९.१३%) रहेका छन् । यसले सिकारुलाई व्यावहारिक भाषाको ज्ञानमा जोड दिएको छ । अनावृत्त शब्द सङ्ख्या १३१९ मध्ये तत्सम शब्दहरू जम्मा ४१९ (३१.७६%) रहेको यसले नेपाली भाषामा संस्कृत शब्दको पनि महत्त्वपूर्ण स्थान रहेको देखाउँछ । अनावृत्त शब्द १३१९ मध्ये १२० (९.०९%) आगन्तुक शब्द रहेको देखाइएको छ । जम्मा शब्द सङ्ख्या ५९२० मध्ये अनवृत्त शब्दहरू ४६०१ रहेका छन् । यसको अर्थ आवृत्त अन्य शब्द (७७.७१%) रहेको तथ्य पाइन्छ । यस तथ्याङ्कले सम्पूर्ण शब्द सङ्ख्याको तुलनामा आवृत्त अन्य शब्दहरूको उपस्थिति बढी रहेको निष्कर्ष निकालिएको पाइन्छ । यसरी यस शोधकार्य शब्दभण्डार क्षमताको अध्ययनको लागि उपयुक्त भए तापनि शब्दनिर्माण क्षमताको अध्ययनको लागि यसले खासै सहयोग पुऱ्याउँदैन ।

पौडेल (२०६९) द्वारा 'मकवानीवाला महाकाव्यमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा महाकाव्यमा प्रयुक्त तत्सम शब्दहरूको विवरण दिनु र उक्त शब्दहरूलाई वर्णानुक्रममा उल्लेख गर्ने उद्देश्य

राखिएको छ । यस शोधपत्रमा शोधको परिचय, सैद्धान्तिक अवधारणा एवम् अध्ययन प्रक्रिया अनावृत्त शब्दहरूको तालिकीकरण गरिएको छ । प्रस्तुत शोधको अध्ययन विधि सैद्धान्तिक तथा गणना विधि रहेको छ । महाकाव्यमा अनावृत्त तत्सम शब्द (५२०) र आवृत्त तत्सम शब्दहरू ८२३३५ प्रयोग भएको निष्कर्ष निकालिएको छ । यसरी यस अध्ययनले शब्दनिर्माण क्षमतामा सहजताका रूपमा पहिल्याउन र पहिचान गर्न खासै प्रभावकारी रूपमा औंल्याउन सकिँदैन ।

गौतम (२०७०) द्वारा 'माइतघर उपन्यासमा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । उक्त अनुसन्धान कार्यमा सामग्री सङ्कलनका क्रममा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । उक्त शोधमा माइतघर उपन्यासमा प्रयुक्त शब्दभण्डारको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा प्रस्तुत गर्नु, शब्दहरूको स्रोत पत्ता लगाउनु, महाकाव्यमा प्रयुक्त शब्दहरूको पदवर्ग पत्ता लगाउनु उद्देश्य राखिएको छ । उक्त अध्ययनमा जम्मा १५२१ शब्दहरू रहेकामा स्रोतका आधारमा हेर्दा सबैभन्दा बढी तद्भव ९९६, दोस्रो स्थानमा तत्सम ४२० र सबैभन्दा कम १२३ रहेका छन् । पदवर्गका आधारमा सबैभन्दा बढी नाम शब्द ८४४, विशेषण २६२, क्रिया २४३, क्रियायोगी १३२, सर्वनाम २१, नामयोगी ११, संयोजक ६ र विस्मयादिबोधक २ रहेका छन् । शिक्षा क्षेत्रमा उपन्यासले महत्त्वपूर्ण स्थान ओगटेको हुँदा सबै शब्दवर्ग र स्रोतका शब्दहरूको प्रविष्टि भएको पाइए तापनि विस्मयादिबोधक वर्गका शब्दको प्रयोग अत्यन्त न्यून रहेको, शब्दकोशमा समेत नभेटिने कतिपय (अँध्यारो, अलमारी, जस्य, आत्धापिल्चो, उत्तिकै, कुहिरो, कुइरीमण्डल आदि) शब्दहरूको प्रयोग भएको, स्रोतका आधारमा (तत्सम, तद्भव र आगन्तुक) शब्दहरूको छनोट र वितरण समानुपातिक रहेको, कतिपय अप्रचलित, दैनिक व्यवहारमा प्रयोगमा नआउने शब्दहरूको प्रयोगले विद्यार्थीहरूमा अन्यौल सिर्जना गरेको तथा नव आगन्तुक शब्दहरूको प्रयोग कम रहेको निष्कर्ष निकालिएको छ । यसरी यस अध्ययनले विद्यार्थीहरूको शब्दभण्डार क्षमताका लागि प्रभावकारी रहे तापनि शब्दनिर्माण क्षमतामा खासै सहयोग र प्रभावकारिता पहिल्याउन सक्दैन ।

पुन (२०७१) द्वारा 'कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरेको पाइन्छ । कक्षा सातको नेपाली पाठ्यपुस्तक समाविष्ट तत्सम शब्दहरू पहिल्याउनु शब्दहरूको पदवर्ग र बनोट प्रक्रिया

पत्ता लगाउनु, शब्दहरूको स्तरअनुसार भए नभएको निर्क्योल गर्नु जस्ता उद्देश्यहरू शोधकार्यमा रहेको पाइन्छ । यस शोधकार्यमा कक्षा सातको पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दलाई वर्णानुक्रममा व्यवस्थित गरी राखिएको छ र प्रत्येक पदवर्ग छुट्याइएको छ । नमुनाका रूपमा कक्षा सातका विद्यार्थीहरूको १०/१० जना गरी जम्मा ५० जना विद्यार्थीहरूको सामग्री सङ्कलन गरी बनोट प्रक्रिया तथा पदवर्गको वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यसरी यस अध्ययन कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययनका लागि प्रभावकारिता भए तापनि सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययनका लागि केही सहयोग पुऱ्याए तापनि खासै प्रभावकारी मानिँदैन ।

प्रस्तुत अध्ययन विवरणबाट के पुष्टि हुन्छ भने नेपाली भाषा शब्दभण्डारसम्बन्धी अध्ययन भए तापनि तर अहिलेसम्मको अध्ययनलाई हेर्ने हो भने शब्दनिर्माणसम्बन्धी अध्ययन हुन सकेको छैन त्यसैले यस शोधकार्यबाट के स्पष्ट हुन्छ भने शब्दभण्डारसम्बन्धी केही अध्ययन भए पनि शब्दनिर्माणसम्बन्धी अध्ययन अत्यन्त आवश्यक रहेको पाइन्छ साथै केही शब्दभण्डार सम्बन्धी अध्ययन शब्दभण्डारलाई नै प्रमुख पक्ष मानेर भइरहेका छन् । यस शोधकार्यबाट विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको पहिचान हुनका साथै भविष्यमा शब्दनिर्माण क्षमताको अध्ययनलाई अगाडि बढाउनुपर्ने आवश्यकताको आशा अगाडि बढाइएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ शब्दनिर्माणको परिचय

भाषा मानवीय विचार सम्प्रेषणको एक मात्र भरपर्दो साधन हो । भाषा बिनाको मानव जीवन सम्भव छैन । यादृच्छिक तथा परम्परित त्यस्तो वाक्प्रतीकलाई भाषा भनिन्छ, जसद्वारा मानव समुदायमा विचार र भावनाको आदानप्रदान हुन्छ । संस्कृतको 'भाष' धातुबाट भाषा शब्दको निर्माण भएको हो । धातुमा प्रत्यय, शब्दमा उपसर्ग वा प्रत्यय, शब्दमा शब्द र शब्दहरूलाई दोहोऱ्याएर जोडी नयाँ शब्दहरूको रचना गर्नुलाई नै शब्दनिर्माण भनिन्छ (भट्टराई, २०५८ : २२३) । यसरी शब्द बन्ने वा निर्माण हुने तरिका नै शब्दनिर्माण हो । मूल शब्द वा आधार पदमा उपसर्ग र प्रत्यय लागेर, समासप्रक्रियाद्वारा,

द्वित्वप्रक्रियाद्वारा नयाँ शब्द बन्ने प्रक्रियालाई शब्दनिर्माण प्रक्रिया भनिन्छ । जस्तै : घोक्+ अन्ते= घोकन्ते, गर्+एर= गएर आदि ।

शब्दनिर्माणमा दुई वा दुईभन्दा बढी शब्दहरूको संयोजन वा मिलनबाट नयाँ शब्द बन्ने प्रक्रियालाई शब्दनिर्माण भनिन्छ । शब्दनिर्माण प्रक्रियाबाट शब्दहरू बन्दछन्, यसलाई शब्द बनोट पनि भनिन्छ (सिग्द्याल, २०५५ : ११९) । शब्द निर्माणलाई शब्दरचना वा शब्द व्युत्पादन पनि भन्ने गरिन्छ । शब्दव्युत्पादन भनेको शब्दहरूको बनोट हो । धातु वा मूल शब्दमा उपसर्ग वा प्रत्यय लगाएर तथा समास वा द्वित्व गरेर नयाँ शब्द बनाउने कार्यलाई शब्दनिर्माण प्रक्रिया भनिन्छ । यसरी शब्दनिर्माणका क्रममा प्रयोग हुने धातु वा शब्दलाई आधारतत्त्व वा आधार पद वा उपसर्ग, प्रत्यय वा शब्दलाई आधेय तत्त्व भनिन्छ ।

शब्द रचनाका दृष्टिले चाहिँ शब्द भनेको स्वतन्त्र रूपमा प्रयोग हुने अर्थयुक्त भाषिक एकाइ हो (शर्मा, २०५३ : १) । यसरी यसमा धातुलाई शब्द मानिँदैन धातुलाई शब्द नमानिए तापनि यसबाट समेत शब्दको निर्माण चाहिँ गरिन्छ । जस्तैः राम, घर, तिमी, ठुलो, सेतो … धातु पनि भाषिक एकाइ हो, तर यसको स्वतन्त्र प्रयोग हुँदैन । शब्द र पदमा सूक्ष्म भिन्नता छ । शब्द वाक्यमा प्रयोगयोग्य नहुन पनि सक्छ तर पद वाक्यमा प्रयोग योग्य हुन्छ (भट्टराई र अन्य, २०५५ : ९) । यसरी दुबै शब्द नै पदका रूपमा आउँछन् तर कुनै शब्दलाई रूपायन गरेर पद बनाइन्छ । जस्तैः

(क) राम, हरि, किताब, दियो (यी शब्द हुन्)

(ख) रामले हरिलाई किताब दियो । (यी पद हुन्)

एउटा शब्दमा एक वा एकभन्दा बढी रूपात्मक अवयव हुन सक्छन् । जुन शब्दमा अर्थ भेदक हुन सक्ने एउटै अवयव हुन्छ, त्यो शब्द अव्युत्पन्न मानिन्छ । अव्युत्पन्न शब्दमा एकभन्दा बढी रूपात्मक अङ्ग प्रत्यङ्गको कुरा प्रासङ्गिक हुँदैन तर कतिपय शब्दहरूको निर्माणमा एकभन्दा बढी रूपात्मक अवयवहरूको संलग्नता रहन्छ (अधिकारी, २०७१ : २८०) । यसरी शब्द व्युत्पादन अन्तर्गत त्यस्ता शब्दहरूको चर्चा हुन्छ, जुन व्युत्पन्न हुन सक्छन् । तिनको आन्तरिक बनोटलाई विभिन्न न्यूनतम अर्थभेदक खण्डमा टुक्राउन सकिन्छ । त्यसैले सर्गप्रक्रियाद्वारा समासप्रक्रियाद्वारा र द्वित्वप्रक्रियाद्वारा नयाँ शब्द रचना वा निर्माण गर्ने प्रक्रियालाई शब्दनिर्माण भनिन्छ ।

शब्दहरू भाषिक अभिव्यक्ति सामर्थ्यका प्रतीक मानिनछन् । वर्ग परिवर्तन गरेर वा उसै वर्गमा कोशीय अर्थ हुने शब्दहरूका निर्माण विधिलाई शब्दनिर्माण भनिन्छ । एकभन्दा बढी अर्थवान् वा परोक्ष अर्थ हुने रूपात्मक अवयव भएका त्यस्ता शब्दहरूलाई व्युत्पन्न्न शब्द भनिन्छ । शब्दनिर्माण प्रक्रियालाई विभिन्न आधारमा जस्तै सर्गप्रक्रियाद्वारा, समासप्रक्रियाद्वारा, द्वित्वप्रक्रियाका आधारमा छुट्टाछुट्टै रूपमा नयाँ शब्दको रचना गर्न वा नयाँ शब्दको निर्माण गर्न सकिन्छ ।

### २.२.२ शब्दनिर्माण प्रक्रिया

#### (क) सर्गप्रक्रियाद्वारा शब्दनिर्माण

सर्गप्रक्रियाद्वारा शब्दनिर्माण गर्दा दुई आधारमा आधारित भएर शब्दनिर्माण गर्न सकिन्छ :

#### (अ) उपसर्गद्वारा शब्दनिर्माण

उपसर्ग भनेको आधार शब्दका अघि वा देब्रेतिर जोडिएर नयाँ शब्द बनाउने तत्त्वलाई उपसर्ग भनिन्छ (भट्टराई, २०५८ : ३६) । उपसर्गद्वारा शब्दनिर्माण गर्दा आधार पदको पछाडिको शब्दसँग जोडिएर नयाँ शब्दको रचना गर्ने गर्दछ । जस्तै : प्र+ हार= प्रहार, वि+योग=वियोग ।

आफ्नो स्वतन्त्र अर्थ नभएको र शब्दका अगाडि जोडिएर नयाँ शब्द रचना गर्ने भाषाको एकाईलाई उपसर्ग भनिन्छ (अधिकारी, २०७१ : २८४) । आधार शब्दभण्डार अघिल्तिर आउने हुनाले यसलाई पूर्वसर्ग पनि भनिन्छ । उपसर्ग जोडिएर नयाँ शब्दको निर्माण हुँदा शब्दको अर्थमा परिवर्तन आउन सक्छ । सम्+योग= संयोग ।

#### (आ) प्रत्ययद्वारा शब्दनिर्माण

आफ्नो खास अर्थ नभएको र आधार तत्त्वका पछाडि जोडिएर नयाँ शब्दरचना गर्ने भाषिक एकाइलाई प्रत्यय भनिन्छ (भट्टराई, २०५८ : २३५) । यसरी आधार तत्त्वका पछाडि जोडिने हुनाले यसलाई परसर्ग पनि भनिन्छ । प्रत्यय लागेर बनेका शब्दलाई टुक्र्याउँदा आफ्नो मूल शब्दलाई प्रकृति भनिन्छ । जस्तै : लेख्+ ओट= लेखोट, घर+एलु= घरेलु ।

धातु वा शब्दको पछिल्तिर गाँसिएर अर्थ गराउने भाषिक एकाइलाई प्रत्यय भनिन्छ (बराल र एटम, २०५७ : ४४) । शब्द मूल र धातु पछिल्तिर थपिने हुनाले प्रत्ययलाई परसर्ग पनि भनिन्छ । प्रत्ययको आधारहरू छुट्टै रहने हुँदा वा स्वतन्त्र रूपमा रहँदा कुनै अर्थ हुँदैन, धातु वा शब्दमा जोडिएपछि भने प्रत्ययहरू अर्थपूर्ण बन्दछन् । जस्तै : हाँक+अ=हाँक, जोड+अ=जोड ।

**(ख) समासप्रक्रियाद्वारा शब्दनिर्माण**

दुई वा दुईभन्दा बढी शब्दहरूको मेल भएर नयाँ शब्द बन्ने प्रक्रियालाई समास भनिन्छ (भट्टराई, २०५८ : २५३) । समास हुनुभन्दा पहिले शब्दहरू अलग अलग रहेका हुन्छन् तर समास भएपछि ती शब्दहरू एउटै शब्दमा जोडिएर बस्छन् । त्यसरी अलग अलग रहनुलाई विग्रह भनिन्छ र एउटै शब्दमा जोडिएर बस्नुलाई समास भनिन्छ । जस्तै : हिजो आज=हिजोआज, साना दाइ = सान्दाइ, दाजु र भाइ = दाजुभाइ, गाइको गोठ= गाईगोठ ।

समासप्रक्रियाद्वारा शब्दनिर्माण गर्दा निम्न आधारमा आधारित भएर शब्दनिर्माण गर्न सकिन्छ :

**(अ) तत्पुरुष समास**

दुई शब्दका बिचको विभक्ति लोप भई एउटै शब्द बन्ने प्रक्रियालाई तत्पुरुष समास भनिन्छ (भट्टराई, २०५८ : २५४) । बिचमा रहने विभक्तिका आधारमा तत्पुरुष समासमा द्वितीय, तृतीय, चतुर्थी, पञ्चमी, षष्ठी, सप्तमी तत्पुरुषबाट शब्दनिर्माण गर्न सकिन्छ । जस्तै : मनलाई मोहक=मनमोहक रसले भरी= रसभरी, देशलाई भक्ति= देशभक्ति, गुरुबाट भाइ=गुरुभाइ, मामाको घर=मामाघर, रातमा अन्धो=रतन्धो आदि । यसरी विभिन्न आधारमा तत्पुरुष समासलाई आधार बनाएर शब्दनिर्माण गर्न सकिन्छ ।

**(आ) कर्मधारय समास**

विशेषणको विशेषणसँग, विशेषणको नामसँग तथा नामको नामसँग योग भई पछिल्लो शब्दको अर्थ प्रधान हुने समासको प्रक्रियालाई कर्मधारय समास भनिन्छ (भट्टराई, २०५८ : २५६) । विशेषण र नाम, विशेषण र विशेषण, नाम र नाम, उपमान र उपमेय, आरोप्य र आरोपको मेल भई एउटै शब्द बन्ने प्रक्रियालाई कर्मधारय समास भनिन्छ ।

जस्तै : ठूलो दाइ= ठूल्दाइ, जान्ने सुन्ने=जान्नेसुन्ने, महान् कवि=महाकवि हिम गिरि=हिमगिरि, प्राणझैँ प्रिय= प्राणप्रिय, जीवनरूपी चङ्गा= जीवनचङ्गा आदि । यसरी विभिन्न आधारबाट कर्मधारय समासबाट शब्दनिर्माण गर्न सकिन्छ ।

### (इ) द्विगु समास

सङ्ख्यावाची विशेषण शब्दसँगै समूहवाची नाम जोडिएर नयाँ शब्द बन्ने प्रक्रियामा पछिल्लो शब्दको अर्थ प्रधान भएर एउटै बन्ने प्रक्रियालाई द्विगु समास भनिन्छ (भट्टराई, २०५८ : २५८); जस्तै : दुई बाटाको समूह = दोबाटो, दुई धारको समूह = दोधार, नौ रसको समूह = नवरस, आठ आनाको समूह= आठाना आदि विभिन्न आधारमा द्विगु समासद्वारा शब्दनिर्माण गर्न सकिन्छ ।

### (ई) अव्ययीभाव समास

अव्यय र अव्यय, अव्यय र नाम/सर्वनाम/ विशेषण, नाम र नाम, सर्वनाम र नाम, विशेषण र विशेषण, विशेषण र नाम शब्दको मेल भई अव्यय-अर्थ दिने एउटै शब्द बन्ने प्रक्रियालाई अव्ययीभाव समास भनिन्छ (भट्टराई, २०५८ : २६०) । यस समासबाट बनेका सबै समस्त शब्द अव्यय हुन्छन्, जस्तै : आज भोलि =आजभोलि, घरको बाहिर=घरबाहिर, हात हात= हाताहात, यस कारण=यसकारण, प्रत्येक घर=प्रतिघर, एक एक = एकाएक आदि । यसरी अव्ययीभाव समासबाट नयाँ शब्दहरूको शब्दनिर्माण गर्न सकिन्छ ।

### (उ) द्वन्द्व समास

दुई वा दुईभन्दा बढी समान अर्थका शब्दहरूको मेल भई एउटै शब्द बन्ने प्रक्रियालाई द्वन्द्व समास भनिन्छ (भट्टराई, २०५८ : २६१) । यस समासबाट बनेका समस्त शब्दमा दुई औटै वा जोडिएजतिका शब्दका अर्थ मुख्य रहन्छन्; जस्तै : अघि वा पछि =अघिपछि, पाप वा पुण्य = पापपुण्य, घाम पनि पानी पनि= घामपानी, मुना र मदन = मुनामदन, चिठी र पत्र= चिठीपत्र आदि । यसरी द्वन्द्व समासबाट शब्दनिर्माणमा नयाँ शब्दहरू बन्न सक्दछन् ।

(ऊ) **बहुब्रीहि समास**

दुई वा दुईभन्दा बढी शब्द मिलेर समस्त शब्द बन्दा नयाँ अर्थ प्रधान हुने विशेषण शब्द बन्ने प्रक्रियालाई बहुब्रीहि समास भनिन्छ (भट्टराई, २०५८ : २६२) । यसरी बनेका शब्द विशेष रुढ वा परम्परागत अर्थमा प्रयोग गरिन्छ । जस्तैः लामा खुट्टा भएको= लामखुट्टे, सय पत्र भएको=सयपत्री, हात्तीको जस्तो पाइला भएको= हात्तीपाइले, नौ तला भएको= नौतले आदि । यसरी बहुब्रीहि समासप्रक्रियाद्वारा नयाँ शब्दहरूको शब्दनिर्माण गर्न सकिन्छ ।

**(ग) द्वित्वप्रक्रियाद्वारा शब्दनिर्माण**

कुनै शब्द दोहोऱ्याएर जोडी नयाँ एउटै शब्दनिर्माण गर्ने प्रक्रियालाई द्वित्वप्रक्रिया भनिन्छ (भट्टराई, २०५८ : २६६) । कुनै शब्द परिवर्तनबिना वा परिवर्तनसाथ दोहोरिएर जोडिई नयाँ शब्द बन्ने प्रक्रियालाई द्वित्व भनिन्छ । जस्तै : घरघर, झैझगडा, आ-आफ्नो आदि । द्वित्वप्रक्रियाद्वारा शब्दनिर्माण गर्दा विभिन्न आधारमा आधारित भएर गर्न सकिन्छ :

(अ) **पूर्ण द्वित्व**

कुनै शब्दको पूरै अंशलाई दोहोऱ्याएर जोडी नयाँ शब्द बनाउने प्रक्रियालाई पूर्ण द्वित्व भनिन्छ (भट्टराई, २०५८ : २६६) । द्वित्व हुने शब्द जस्ताको तस्तै दोहोरिएर नयाँ शब्द बन्ने प्रक्रियालाई पूर्ण द्वित्व भनिन्छ । जस्तै : घर=घर+घर=घरघर, तँ= तँ+तँ= तँतँ, तल =तल+तल=तलतल, पछि=पछि+पछि=पछिपछि आदि । यसरी कुनै पनि शब्द जस्ताको तस्तै दोहोरिन आउने शब्द पूर्ण द्वित्व हुन्छन् ।

(आ) **आंशिक द्वित्व**

कुनै शब्दको अलिकति अंश मात्र दोहोऱ्याएर जोडी नयाँ शब्द बनाउने प्रक्रियालाई आंशिक द्वित्व भनिन्छ (भट्टराई, २०५८ : २६७) । यसरी द्वित्व हुने शब्दको कुनै अंश मात्र दोहोरिएर नयाँ शब्द बन्ने प्रक्रियालाई आंशिक द्वित्व भनिन्छ, जस्तै : सानो+ सानो= ससानो, आफ्नो+आफ्ना= आआफ्नो झल्को +झल्को= झझल्को, सल+सल=सलल आदि । यसरी अंशमात्र दोहोऱ्याएर नयाँ शब्द बन्दछ भने त्यसलाई आंशिक द्वित्व भनिन्छ ।

### (इ) आपरिवर्तित द्वित्व

कुनै शब्द दोहोरिएर जोडिँदा ध्वनिमा पनि परिवर्तन भई नयाँ शब्द बन्ने प्रक्रियालाई आपरिवर्तित द्वित्व भनिन्छ (भट्टराई, २०५८ : २६७) । द्वित्व हुँदा शब्दको ध्वनिमा परिवर्तन भई तथा कुनै ध्वनि लोप भई नयाँ शब्द बन्ने प्रक्रिया आपरिवर्तित द्वित्व हो, जस्तै : भात = भात + भात = भातसात, पानी = पानी + पानी = पानीसानी, पालो + पालो = आलोपालो, कलम= कलम + कलम = कलमसलम आदि यसरी शब्द दोहोरिएर जोडिदा ध्वनिमा परिवर्तन भएमा आवरिवर्तित द्वित्व हुन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने समग्रमा सम्पूर्ण आधारहरूलाई अध्ययन गर्दा शब्दनिर्माण प्रक्रियाका आधारहरूमा सर्गप्रक्रियाहरू समासप्रक्रियाद्वारा र द्वित्वप्रक्रियाद्वारा शब्दनिर्माणमा मूलभूत आधार मान्न सकिन्छ । शब्द भाषाको आधारभूत आवश्यकता पूरा गर्न, भाषामा पोख्त हुन, अभिव्यक्ति कला विकास गर्न, अभिव्यक्तिलाई रोचक बनाउन, प्रभावकारी, सम्प्रेष्य र स्तरीय बनाउन, सबै प्रकारका शब्दसँग परिचित हुन, बोध र अभिव्यक्तिका दृष्टिले भाषालाई रोचक, प्रभावकारी र आशयपूर्ण बनाउन शब्दनिर्माणको महत्त्वपूर्ण स्थान हुन्छ ।

## अध्याय तिन

# शोधविधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

प्रस्तुत शोधकार्य सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित अनुसन्धानको उद्देश्यलाई केन्द्रविन्दु बनाई क्षेत्रीय अध्ययन विधिका आधारमा स्वयम् कार्यस्थलमा उपस्थित भएर जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्कलनका लागि सामग्री निर्माण त्यसको पूर्वपरीक्षण, सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषण र प्रस्तुतीकरण आदि विधिहरूको उपयोग गरी तयार गरिएको छ ।

## ३.२ अध्ययन प्रक्रिया

### ३.२.१ क्षेत्रीय अध्ययन विधि

प्रस्तुत शोधकार्य सोलुखुम्बु जिल्लाका सम्बन्धित विद्यालयहरूमा स्वयम् कार्यस्थलमा उपस्थित भएर कक्षा आठमा अध्ययनरत सामुदायिक विद्यालयका ४८ जना विद्यार्थी र संस्थागत विद्यालयका ४८ जना विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन गरिएको छ । उक्त अध्ययनका लागि निम्नलिखित विधि र प्रक्रियाहरूको प्रयोग गरिएको छ :

#### ३.२.१.१ जनसङ्ख्या पहिचान तथा क्षेत्र

सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई नै जनसङ्ख्याका रूपमा लिइएको छ । अध्ययनको प्रयोजन, भौगोलिक विषमता समय र विभिन्न कठिनाइजस्ता विविध कारणले गर्दा सोलुखुम्बु जिल्लाका कक्षा आठका सम्पूर्ण विद्यालय र कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूमा अध्ययन गर्न असम्भव रहेकाले सोलुखुम्बु जिल्लाभित्रका शैक्षिक सत्र २०७३ का तिनओटा सामुदायिक विद्यालयका छात्र २४ र छात्रा २४ साथै तिन संस्थागत विद्यालयका छात्र २४ र छात्रा २४ गरी कक्षा आठमा अध्ययनरत जम्मा ९६ जना विद्यार्थीहरू मात्र यस शोधकार्यको जनसङ्ख्याका रूपमा रहेका छन् ।

#### ३.२.१.२ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अध्ययनमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्या मानी तिन सामुदायिक र तिन संस्थागत विद्यालय गरी जम्मा ६ ओटा विद्यालयबाट १६/१६ जनाका दरले ९६ जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोटको रूपमा लिइएको छ । ९६ जना विद्यार्थीहरूमध्ये ४८ जना छात्र र ४८ जना छात्रा प्रतिनिधि नमुनाका रूपमा चिठ्ठा विधिअनुसार छनोट गरी उक्त शोधकार्य सम्पन्न गर्नका लागि फाप्लु सामुदायिक विद्यालय सल्लेरी-२, फाप्लु, सोलुखुम्बु, माउन्ट एभरेस्ट इङ्लिस सेकेन्डरी स्कुल, सल्लेरी-५, सोलुखुम्बु, ह्वाईट हिल्स उ.मा.वि., सल्लेरी-५, सोलुखुम्बु, ठकुमाला आधारभूत विद्यालय, काँगेल-८, सोलुखुम्बु, त्रिभुवन विद्योदय आधारभूत विद्यालय, मुक्ली-२, मैदेल, सोलुखुम्बु र दूधकुण्ड हिमालय आधारभूत विद्यालय दूधकुन्ड न.पा.-४, फाप्लु, सोलुखुम्बु । यी छओटा विद्यालयलाई नमुना छनोट गरियो ।

## ३.३ तथ्याङ्क सङ्कलनका स्रोत

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यको तथ्याङ्क सङ्कलन क्षेत्रीय विधि अवलम्बन गरी गरिएको छ । यस शोधको सीमासँग सम्बन्धित प्रश्नावलीहरू तयार गरी शोधकर्ता स्वयम् सहभागी भएर सहभागीमूलक अवलोकन विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई तालिकीकरण गरी अवधारणात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

यस अध्ययनका लागि द्वितीयक स्रोतका रूपमा पाठ्यक्रम, पाठ्यपुस्तक, शोधपत्र, पत्रपत्रिका, पुस्तकहरू अवलम्बन गरिएको छ । त्यस्तै शोधकार्यलाई परिणाामममुखी बनाउन सम्बन्धित भाषाका विज्ञहरू, विद्वान्हरू, गुरुवर्ग तथा शोधनिर्देशकको सल्लाह र मार्गदर्शनलाई अपनाइएको छ ।

## ३.४ उपकरण निर्माण

प्रस्तुत अध्ययन सम्पन्न गर्नका लागि विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको पहिचान गर्ने उद्देश्यमा केन्द्रित भएकाले कक्षा आठको 'नेपाली' किताबमा प्रयुक्त शब्दहरूलाई आधार बनाएर ५० पूर्णाङ्कको जम्मा १० ओटा वस्तुगत प्रश्न बनाइयो ।

शब्दनिर्माण गर्ने उपयुक्त शब्दलाई गोलो घेरामा राख्ने प्रश्न बनाइयो । १० ओटा प्रश्नमा क, ख, ग, घ, ङ गरी जम्मा ५० ओटा नै प्रश्न बनाइयो । यी प्रश्नमध्ये उपसर्गद्वारा ६ ओटा, द्वित्वप्रक्रियाद्वारा ५ ओटा, समास प्रक्रियाद्वारा १० ओटा, कृतसर्गद्वारा १४ ओटा तद्धित प्रक्रियाद्वारा १५ ओटा प्रश्न बनाइयो । विद्यार्थीले १ ओटा प्रश्न मिलाएवापत १ अङ्क पाउने निर्धारण गरियो । यसरी उपयुक्त शब्द राखेर नयाँ शब्दको निर्माण मिल्ने शब्दमा गोलो घेरा, दुई शब्द मिलेर अर्को नयाँ शब्द बनाउने जस्ता अभ्यासका प्रश्नहरू समावेश गरी प्रश्ननिर्माण गरियो । सबै किसिमका प्रश्न समावेश गरी जम्मा ५० पूर्णाङ्कको प्रश्ननिर्माण गरियो ।

## ३.५ पूर्वपरीक्षण

प्रस्तुत शोधकार्यमा पूर्वपरीक्षण काठमाडौँ जिल्लाका जुद्धोदय माध्यमिक विद्यालय क्षेत्रपाटीको एक सामुदायिक विद्यालयका विद्यार्थीहरूमा गरियो । पूर्वपरीक्षणका लागि शोधनिर्देशकको सल्लाह र सुझाबअनुसार प्रश्नपत्र निर्माण भइसकेपछि काठमाडौँ जिल्लाका जुद्धोदय माध्यमिक विद्यालयका १० जना विद्यार्थीहरूलाई पूर्वपरीक्षणका रूपमा लिइयो । सङ्कलित सामग्रीको मानकीकरणका लागि निर्माण गरिएको प्रश्नावलीको पूर्वपरीक्षण पश्चात् प्रश्नको विश्लेषण कठिनाइस्तर निर्धारण गरी प्रश्नहरू समावेश गरिएको छ र प्रश्नपत्रलाई अन्तिम रूप दिई परीक्षणका लागि विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतमा रूपान्तरण गरी मध्यमान निकालियो जसमा मध्यमान ७७.४ निकालियो ७०-८० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण क्षमता प्रश्न अति उत्तम किसिमको रह्यो । निम्न सूत्रहरूको प्रयोग गरी प्रश्नपत्रहरूको विश्लेषण गरिएको छ :

**१. प्रश्नहरूको मध्यमान निकाल्ने सूत्र**

$$\bar{X} = \frac{\Sigma X}{N}$$

यहाँ,

$\bar{X}$ = मध्यमान

$\Sigma X$ = जम्मा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क

$N$ = जम्मा विद्यार्थी सङ्ख्या

२. **प्रश्नहरूको कठिनाइस्तर पत्ता लगाएने सूत्र :**

$$P = \frac{R}{T} \times 100$$

यहाँ,

P = प्रश्नहरूको कठिनाइस्तर

R = सही उत्तर दिने विद्यार्थी सङ्ख्या

T = कुल विद्यार्थी सङ्ख्या

३. **विभेददर्शी सूचना पत्ता लगाउने सूत्र :**

$$D = Ru - \frac{R4- R1}{\frac{1}{2}T}$$

यहाँ,

D= विभेददर्शी सूचना

R4= उच्चस्तरीय समूहमा सही उत्तर दिने विद्यार्थी सङ्ख्या

R1= निम्नस्तरीय समूहमा उत्तर दिने विद्यार्थी सङ्ख्या

T= उच्च र निम्नस्तरीय समूहमा कुल विद्यार्थी सङ्ख्या

## ३.६ परीक्षणको कार्यान्वयन

प्रश्नहरूको विश्लेषणपश्चात् कठिनाइस्तर, विभेददर्शी सूचक र मध्यमान भएका प्रश्नहरू सम्पादन गरियो । उक्त प्रश्नहरू सोलुखुम्बु जिल्लाका तिन ओटा सामुदायिक र तिन ओटा संस्थागत विद्यालयबाट सोह्र (१६) जना विद्यार्थीका दरले जम्मा ९६ जना विद्यार्थीहरूलाई प्रतिनिधित्व हुने गरी कक्षा आठमा अध्ययनरत विद्यार्थी छनोट गरी परीक्षा लिइयो । उक्त परीक्षणका लागि अधिकतम ५० पूर्णाङ्क तोकिएको थियो ।

परीक्षा सञ्चालनपूर्व परीक्षार्थी विद्यार्थीहरूसँग परिचयका साथै पठनपाठन, पाठ्यपुस्तक र विद्यालयको शैक्षिक गतिविधिको बारेमा छलफल गरिएको थियो । परीक्षा सञ्चालन गर्दा विद्यालयका प्रधानाध्यापक, शिक्षक विद्यार्थी सबैलाई परीक्षा लिनुको उद्देश्य

विशुद्ध रूपमा अनुसन्धान गर्न, पाठ्यपुस्तकमा प्रयुक्त शब्दनिर्माण, विद्यार्थीको स्तर क्षमता अनुरूप भए नभएको पत्ता लगाउनु हो भन्ने कुरामा विश्वस्त तुल्याई परीक्षा सञ्चालन गरिएको थियो ।

## ३.७ तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा नमुना प्रतिनिधिका रूपमा छनोट गरिएको विद्यालयका विद्यार्थीहरूलाई निर्धारित समयमा निर्धारित प्रश्नहरूको उत्तर दिन प्रेरित गरिएको छ । निर्धारित समयावधिमा लेखिएका उत्तरहरू सङ्कलन गरी परीक्षण गरिएको छ । तथ्यको विश्लेषण गर्ने क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालिएको र नमुना प्रतिनिधिमा समाविष्ट विद्यार्थीहरूमध्ये उक्त मध्यमानभन्दा माथि र तल कति-कति प्रतिशत छन् भनेर गणना गरिएको छ । त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूलाई लिङ्गगत, भाषिक पृष्ठभूमिका आधारमा विभाजन गरी छुट्टाछुट्टै मध्यमान निकालिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण गर्न सक्ने क्षमतालाई छुट्टाछुट्टै आधारमा मध्यमान निकालिएको छ । परीक्षणबाट प्राप्त नतिजालाई तालिकीकरण गरी प्रतिशताङ्क मध्यमानका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । यसरी विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतलाई ०-२० प्रतिशत अति कमजोर, २१-३० प्रतिशत कमजोर, ३१-३० प्रतिशत अति सामान्य, ४१-५० सामान्य, ५१-६० प्रतिशत सन्तोषजनक, ६१-७० प्रतिशत उत्तम, ७१-८० प्रतिशत अति उत्तम, ८१-९० प्रतिशत राम्रो, ९०-१०० प्रतिशत अति राम्रो यस आधारमा परीक्षणबाट प्राप्त तालिकीकरण, चित्र र प्रतिशताङ्कमा विश्लेषण गरिएको छ । यसरी मध्यमान निकाल्नका लागि निम्न सूत्रको प्रयोग गरिएको छ :

मध्यमानको लागि

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma X}{N}$

( $\bar{X}$) = मध्यमान

$\Sigma X$ = प्राप्ताङ्कको योग

$N$ = जम्मा विद्यार्थी संख्या

## अध्याय चार

# सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमता

## ४.१ विषयपरिचय

यस अध्यायबाट शोधकार्यमा राखिएका उद्देश्यहरू पूर्ति गर्नका लागि अपनाइएका विभिन्न विधिहरूमार्फत् आएका तथ्याङ्कलाई विविध आधारमा वर्गीकरण गरी छलफल तथा विश्लेषण गरिएको छ । कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमता अध्ययन गर्नका लागि सोलुखुम्बु जिल्लाबाट जम्मा ९६ जना विद्यार्थीहरूलाई नमुना प्रतिनिधिको रूपमा छनोट गरिएको छ । उक्त तथ्याङ्कलाई समग्रताका दृष्टिले, विद्यार्थीहरूको शब्दनिर्माण क्षमता, मध्यमानका आधारमा समग्र शब्दनिर्माण क्षमता, स्तम्भचित्रका आधारमा समग्र शब्दनिर्माण क्षमता, समग्रताका दृष्टिले र मध्यमानका आधारमा विश्लेषण गरिएको साथै अन्त्यमा निष्कर्षबाट समेत व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.२ कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको स्थिति

यस अध्यायमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत गरी जम्मा ९६ जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा तालिका १ मा समग्र शब्दनिर्माण क्षमताको अध्ययन गरिएको छ :

**तालिका १**

**सगम्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत | २१-३० प्रतिशत | ३१-४० प्रतिशत | ४१-५० प्रतिशत | ५१-६० प्रतिशत | ६१-७० प्रतिशत | ७१-८० प्रतिशत | ८१-९० प्रतिशत | ९१-१०० प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| ९६ | ० | ० | ० | १ | १ | ४ | २२ | २६ | ४२ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

तालिका १ लाई विश्लेषण गर्दा कुल ९६ जना विद्यार्थीहरूमध्ये क्रमश: ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत १ जना, ५१-६० प्रतिशत १ जना, ६१-७० प्रतिशत ४ जना, ७१-८० प्रतिशत २२ जना, ८१-९० प्रतिशत २६ जना, ९१-१०० प्रतिशत ४२ जना विद्यार्थीको शब्दनिर्माण क्षमता रहेको देखिन्छ । सबैभन्दा बढी ४२ जना विद्यार्थीको शब्दनिर्माण क्षमता ९१-१०० छ भने सबैभन्दा कम ०-२० प्रतिशत, २१-३० प्रतिशत ३१-४० प्रतिशतमा कुनै पनि विद्यार्थीले मिलाउन सकेका छैनन् । यसरी समग्रताका आधारमा शब्दनिर्माण क्षमतामा, ९१-१०० को वर्गान्तरमा सबैभन्दा बढी ४२ जना विद्यार्थीहरूको सङ्ख्या भएकाले शब्दनिर्माण क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.३ मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तालिकामा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कका आधारमा तालिका २ मा निम्नानुसार मध्यमानको विश्लेषण गरिएको छ :

**तालिका २**

**समग्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ० | १५ | ० |
| २०-३० | ० | २५ | ० |
| ३०-४० | ० | ३५ | ० |
| ४०-५० | १ | ४५ | ४५ |
| ५०-६० | १ | ५५ | ५५ |
| ६०-७० | ४ | ६५ | २६० |
| ७०-८० | २२ | ७५ | १६५० |
| ८०-९० | २६ | ८५ | २२१० |
| ९०-१०० | ४२ | ९५ | ३९९० |
| जम्मा | N = ९६ | | Σfm = ८२१० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{८२१०}{९६}$

= ८५.५२ उत्तर


तालिका २ लाई विश्लेषण गर्दा कुल ९६ जना विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको औसत अवस्था ८५.५२ देखिन्छ । ८५.५२ मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । विद्यार्थीको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८५.५२ प्रतिशत भएको तथ्य तालिका २ ले देखाउँछ । यसरी समग्रताका आधारमा विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशतलाई निर्धारण गर्दा शब्दनिर्माण क्षमतामा ८१-९० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.४ स्तम्भचित्रका आधारमा समग्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त चित्रका आधारमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत छ ओटा विद्यालयका ९६ जना विद्यार्थीहरूको समग्र शब्दनिर्माण क्षमता विश्लेषण चित्र १ मा निम्नानुसार गरिएको छ :

**चित्र १**

**समग्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

चित्र १ मा स्तम्भमा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको सबैभन्दा बढी सङ्ख्या ९०-१०० को वर्गान्तर बिचमा रहेको छ । ९०-१०० को वर्गान्तर ४२ जना विद्यार्थीको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि अन्य विद्यार्थीको भन्दा उच्च देखिन्छ ।

## ४.५ समग्रताका दृष्टिले शब्दनिर्माण क्षमताको स्थिति

उपर्युक्त तालिकाबाट सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत छयानब्बे जना विद्यार्थीहरूको समग्र शब्दनिर्माण क्षमताको स्थिति तलको तालिका ३ बाट प्रस्ट पारिएको छ :

**तालिका ३**

**समग्रताका दृष्टिले शब्दनिर्माण क्षमताको स्थिति**

| कुल सङ्ख्या | समग्र मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| ९६ | ८५.५२ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | ६१ | ६३ | ३५ | ३६ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

उपर्युक्त तालिकाअनुसार नमुना प्रतिनिधिका रूपमा जम्मा ९६ जना छात्र छात्रा ( विद्यार्थी) लाई लिइएको छ । उनीहरूको प्राप्ताङ्कको मध्यमान ८५.५२ रहेको छ । यस तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि ६१ जना र मध्यमानभन्दा तल ३५ जना छात्राछात्रा रहेका छन् ।

समग्र मध्यमानलाई आधार बनाएर निर्माण गरिएको उल्लिखित तालिकामा हेर्दा समग्र मध्यमानभन्दा माथि ६३ प्रतिशत र समग्र मध्यमानभन्दा तल ३६ प्रतिशत विद्यार्थी सङ्ख्या देखिएको छ, जुन समग्र शब्दनिर्माण क्षमता सन्तोषजनक नै छ भन्ने सङ्केत हो ।

यसरी समग्र मध्यमानलाई आधार बनाएर हेर्दा सोलुखुम्बु जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमता सन्तोषजनक मान्न सकिन्छ । मध्यमान, स्तम्भचित्र र समग्रताको स्थितिलाई हेर्दा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अधययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको स्थिति सन्तोषजनक नै लिन सकिन्छ ।

## ४.६ निष्कर्ष

प्रस्तुत अध्याय चारमा समग्र शब्दनिर्माण क्षमतालाई विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कअनुसार विद्यार्थीहरूको प्रतिशत निकालिएको छ जसमा सबैभन्दा बढी मिलाउनेको सङ्ख्या ४२ जना, ९०-१०० को वर्गान्तमा रहेको छ । समग्रमा हेर्दा कक्षा आठका विद्यार्थीहरूको शब्दनिर्माण क्षमता उच्च रहेको छ । मध्यमानका आधारमा हेर्दा पनि समग्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमता ८५.५२ प्रतिशत रहेको छ जसका कारण शब्दनिर्माण क्षमता सन्तोषजनक नै पाइन्छ । यसरी यस अध्यायबाट सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययन विद्यार्थीहरूको शब्दनिर्माण क्षमता ८१-९० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण क्षमता राम्रो नै रहेको निष्कर्ष निकालिएको छ ।

## अध्याय - पाँच

# सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको तुलनात्मक स्थिति

## ५.१ विषयपरिचय

यस अध्यायमा भाषिक पृष्ठभूमिका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण, मध्यमानका आधारमा पहिलो नेपाली मातृभाषी, मध्यमानका आधारमा नेपाली गैरमातृभाषी, स्तम्भचित्रका आधारमा पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषी विद्यार्थीको शब्दनिर्माण क्षमता, समग्र मध्यमानका आधारमा पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको विश्लेषण गरिएको छ। अन्त्यमा यस अध्यायको निष्कर्ष समेत पहिचान गरिएको छ।

## ५.२ पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको उपर्युक्त विश्लेषण तलको तालिका ४ बाट स्पष्ट गरिएको छ :

**तालिका ४**

**भाषिक पृष्ठभूमिका आधारमा कक्षा आठका विद्यार्थीको शब्दनिर्माण क्षमताको स्थिति**

| भाषिक पृष्ठभूमि | | ०-२० प्र. | २१-३० प्र. | ३१-४० प्र. | ४१-५० प्र. | ५१-६० प्र. | ६१-७० प्र. | ७१-८० प्र. | ८१-९० प्र. | ९१-१०० प्र. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो नेपाली मातृभाषी | सङ्ख्या | ० | ० | ० | ० | २ | २ | १२ | १३ | १९ |
| नेपाली गैरमातृभाषी | | ० | ० | ० | ० | ० | २ | ८ | १७ | २१ |

स्रोत : स्थलगत अध्ययन, २०७३।

तालिका ४ लाई विश्लेषण गर्दा भाषिक पृष्ठभूमिका आधारमा कुल ९६ जना विद्यार्थीहरूमध्ये ४८ जना पहिलो नेपाली मातृभाषी र ४८ जना नेपाली गैरमातृभाषी रहेका छन्। क्रमशः पहिलो नेपाली मातृभाषी ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१ - ५० प्रतिशत ० जना, ५१-६० प्रतिशत २ जना, ६१-७० प्रतिशत २ जना, ७१-८० प्रतिशत १२ जना, ८१-९० प्रतिशत १३ जना, ९१-१००

प्रतिशत १९ जना साथै नेपाली गैरमातृभाषीतर्फ ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत ० जना, ५१-६० प्रतिशत ० जना, ६१-७० प्रतिशत २ जना, ७१-८० प्रतिशत ८ जना, ८१-९० प्रतिशत १७ जना, ९१-१०० प्रतिशत २१ जना रहेका छन् । पहिलो नेपाली मातृभाषीमध्ये सबैभन्दा बढी विद्यार्थी ९१-१०० प्रतिशतमा १९ जना र नेपाली गैरमातृभाषीमा पनि ९१-१०० प्रतिशतमा २१ जना रहेको तथ्य तालिका ४ ले देखाउँछ । यसरी भाषिक पृष्ठभूमिका आधारमा पहिलो नेपाली मातृभाषी भन्दा नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमता, ९१-१०० को वर्गान्तरमा २१ जना रहेकाले उच्च रहेको तथ्य माथिको तालिकाबाट स्पष्ट पारिएको छ ।

### ५.२.१ मध्यमानका आधारमा पहिलो नेपाली मातृभाषीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तालिकामा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा पहिलो नेपाली मातृभाषीहरूको मध्यमान तलको तालिका ५ बाट प्रस्ट गरिएको छ ।

मध्यमान (X) : पहिलो नेपाली मातृभाषी विद्यार्थी

**तालिका ५**

**पहिलो नेपाली मातृभाषीहरुको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ० | १५ | ० |
| २०-३० | ० | २५ | ० |
| ३०-४० | ० | ३५ | ० |
| ४०-५० | ० | ४५ | ० |
| ५०-६० | २ | ५५ | ११० |
| ६०-७० | २ | ६५ | १३० |
| ७०-८० | १२ | ७५ | ९०० |
| ८०-९० | १३ | ८५ | ११०५ |
| ९०-१०० | १९ | ९५ | १८०५ |
| जम्मा | N = ४८ | | $\sum$fm = ४०५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{४०५०}{४८}$

= ८४.३७ उत्तर

तालिका ५ लाई विश्लेषण गर्दा कुल ४८ जना पहिलो नेपाली मातृभाषीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८४.३७ देखिन्छ । ८४.३७ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । पहिलो नेपाली मातृभाषी विद्यार्थीको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८४.३७ प्रतिशत भएको तथ्य तालिका ५ ले देखाउँछ । तालिका ५ लाई विश्लेषण गर्दा विद्यार्थीहरूको शब्दनिर्माण क्षमता ८१-९० को वर्गान्तरमा रहेकाले शब्दनिर्माण क्षमता राम्रो रहेको देखिन्छ ।

### ५.२.१.१ पहिलो नेपाली मातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

तलको तालिकाबाट सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत छात्र/छात्राहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा शब्दनिर्माण क्षमताको विश्लेषण तालिका ६ मा गरिएको छ :

**तालिका ६**

**पहिलो नेपाली मातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माण क्षमता**

| भाषिक पृष्ठभूमि | | ०–२० प्र. | २१–३० प्र. | ३१–४० प्र. | ४१–५० प्र. | ५१–६० प्र. | ६१–७० प्र. | ७१–८० प्र. | ८१–९० प्र. | ९१–१०० प्र. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो नेपाली मातृभाषी छात्र | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | ८ | ६ | ७ |
| पहिलो नेपाली मातृभाषी छात्रा | | ० | ० | ० | ० | ० | १ | ४ | ८ | ११ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

तालिका ६ लाई विश्लेषण गर्दा पहिलो नेपाली मातृभाषी छात्र/छात्राहरूका आधारमा कुल ९६ जना विद्यार्थीहरूमध्ये पहिलो नेपाली मातृभाषी छात्र २४ जना र पहिलो नेपाली मातृभाषी छात्रा २४ जना रहेका छन् । क्रमशः पहिलो नेपाली मातृभाषी छात्र ०-

२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत १ जना, ५१-६० प्रतिशत १ जना, ६१-७० प्रतिशत १ जना, ७१-८० प्रतिशत ८ जना, ८१-९० प्रतिशत ६ जना, ९१-१०० प्रतिशत ७ जना साथै पहिलो नेपाली मातृभाषी छात्रा विद्यार्थीतर्फ ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत ० जना, ५१-६० प्रतिशत ० जना, ६१-७० प्रतिशत १ जना, ७१-८० प्रतिशत ४ जना, ८१-९० प्रतिशत ८ जना, ९१-१०० प्रतिशत ११ जना रहेका छन् । पहिलो नेपाली मातृभाषी छात्र विद्यार्थीहरूमध्ये सबैभन्दा बढी विद्यार्थी ७१-८० प्रतिशतमा ८ जना र पहिलो नेपाली मातृभाषी छात्रा विद्यार्थीहरूमध्ये सबैभन्दा बढी विद्यार्थी ९१-१०० प्रतिशतमा ११ जना रहेको तथ्य तालिका ६ ले देखाउँछ । यसरी पहिलो नेपाली मातृभाषी छात्र/छात्राहरूमध्ये छात्रभन्दा छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमता ९१-१०० को वर्गान्तरमा सबैभन्दा बढी १० जना विद्यार्थी रहेकाले शब्दनिर्माण राम्रो रहेको छ ।

### ५.२.१.२ मध्यमानका आधारमा पहिलो नेपाली मातृभाषी छात्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तलको तालिकामा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत पहिलो नेपाली मातृभाषी छात्रहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा तालिका ७ मा व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका ७**

**पहिलो नेपाली मातृभाषी छात्रहरूको शब्दनिर्माण क्षमता**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ० | १५ | ० |
| २०-३० | ० | २५ | ० |
| ३०-४० | ० | ३५ | ० |
| ४०-५० | १ | ४५ | ४५ |
| ५०-६० | १ | ५५ | ५५ |
| ६०-७० | १ | ६५ | ६५ |
| ७०-८० | ८ | ७५ | ६०० |
| ८०-९० | ६ | ८५ | ५१० |
| ९०-१०० | ७ | ९५ | ५७० |
| जम्मा | N = २४ | | Σfm = १८४५ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{१८४५}{२४}$

= ७६.८७ उत्तर

तालिका ७ लाई विश्लेषण गर्दा कुल २४ जना पहिलो नेपाली मातृभाषी छात्रहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ७६.८७ देखिन्छ । ७६.८७ औसत मध्यमान ७०-८० को वर्गान्तर बिचमा रहेको छ । पहिलो नेपाली मातृभाषी छात्रको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ७६.८७ प्रतिशत भएको तथ्य तालिका ७ ले देखाउँछ ।

यसरी पहिलो नेपाली मातृभाषी छात्रहरूको शब्दनिर्माण क्षमता ७१-८० वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण क्षमता अति उत्तम रहेको छ ।

**५.२.१.३ मध्यमानका आधारमा पहिलो नेपाली मातृभाषी छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन**

उपर्युक्त तालिकामा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा पहिलो नेपाली मातृभाषीहरूको मध्यमानका आधारमा शब्दनिर्माण क्षमताको पहिचान तालिका ८ मा गरिएको छ :

**तालिका ८**

**पहिलो नेपाली मातृभाषी छात्राहरुको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| ०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | ० | ३५ | ० |
| ४०–५० | ० | ४५ | ० |
| ५०–६० | ० | ५५ | ० |
| ६०–७० | १ | ६५ | ६५ |
| ७०–८० | ४ | ७५ | ३०० |
| ८०–९० | ८ | ८५ | ६८० |
| ९०–१०० | ११ | ९५ | १०४५ |
| जम्मा | N = २४ | | Σfm = २०९० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) $= \frac{\Sigma fm}{N}$

$= \frac{२०९०}{२४}$

$=$ ८७.०८ उत्तर


तालिका ८ लाई विश्लेषण गर्दा कुल ९६ जना विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको औसत अवस्था ८७.०८ देखिन्छ । ८७.०८ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । विद्यार्थीको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८७.०८ प्रतिशत भएको तथ्य तालिका ८ ले देखाउँछ । यसरी पहिलो नेपाली मातृभाषी छात्राहरूको शब्दनिर्माण क्षमता ८१-९० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण क्षमता राम्रो रहेको छ ।

### ५.२.१.४ स्तम्भचित्रका आधारमा पहिलो नेपाली मातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त चित्रका आधारमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा मध्यमान निकाली त्यही अनुसार तल स्तम्भ चित्र २ का आधारमा प्रस्तुत गरिएको छ :

**चित्र २**

**पहिलो नेपाली मातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माण क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

चित्र २ मा स्तम्भचित्रमा हेर्दा पहिलो नेपाली मातृभाषी छात्र/छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमतामा छात्र विद्यार्थीमा ७०-८० प्रतिशतमा ८ जना र पहिलो नेपाली मातृभाषी छात्रा विद्यार्थीमा ९०-१०० प्रतिशतमा ११ जना विद्यार्थी रहेको तथ्य चित्र २ ले देखाउँदछ । यसरी पहिलो नेपाली मातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माण क्षमतालाई स्तम्भका आधारमा देखाउँदा छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमता ८१-९० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण क्षमता राम्रो रहेको छ ।

### ५.२.२ मध्यमानका आधारमा नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

कक्षा आठमा अध्ययनरत नेपाली गैरमातृभाषी विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा उनीहरूको मध्यमानलाई तलको तालिका ९ बाट प्रस्तुत गरिएको छ :

मध्यमान ( $\bar{X}$) : नेपाली गैरमातृभाषी विद्यार्थी

**तालिका ९**

**नेपाली गैरमातृभाषी विद्यार्थीको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | ० | ३५ | ० |
| ४०–५० | ० | ४५ | ० |
| ५०–६० | ० | ५५ | ० |
| ६०–७० | २ | ६५ | १३० |
| ७०–८० | ८ | ७५ | ६०० |
| ८०–९० | १७ | ८५ | १४४५ |
| ९०–१०० | २१ | ९५ | १९९५ |
| जम्मा | N = ४८ | | $\sum$fm =४१७० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{४१७०}{४८}$

= ८६.८७ उत्तर

तालिका ९ लाई विश्लेषण गर्दा कुल ४८ जना दोस्रो नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८६.८७ देखिन्छ । ८६.८७ औसत मध्यमान ८१-९० को वर्गान्तर बिचमा रहेको छ । नेपाली गैरमातृभाषीको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८६.८७ प्रतिशत भएको तथ्य तालिका ९ ले देखाउँछ ।

### ५.२.२.१ नेपाली गैरमातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तालिकामा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत नेपाली गैरमातृभाषी छात्र/छात्राहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा तलको तालिका १० बाट स्पष्ट पारिएको छ :

**तालिका १०**

**नेपाली गैरमातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माण क्षमता**

| नेपाली गैरमातृभाषी | | ०–२० प्र. | २१–३० प्र. | ३१–४० प्र. | ४१–५० प्र. | ५१–६० प्र. | ६१–७० प्र. | ७१–८० प्र. | ८१–९० प्र. | ९१–१०० प्र. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ८ | ५ | ११ |
| छात्रा | | ० | ० | ० | ० | ० | २ | १ | ७ | १४ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

तालिका १० लाई विश्लेषण गर्दा नेपाली गैरमातृभाषी छात्र/छात्राहरूका आधारमा कुल ९६ जना विद्यार्थीहरूमध्ये नेपाली गैरमातृभाषी छात्र २४ जना र नेपाली गैरमातृभाषी छात्रा २४ जना रहेका छन् । क्रमशः नेपाली गैरमातृभाषी छात्र ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशतमा ० जना, ५१-६० प्रतिशतमा ० जना, ६१-७० प्रतिशतमा ० जना, ७१-८० प्रतिशतमा ८ जना, ८१-९० प्रतिशतमा ५ जना, ९१-१०० प्रतिशतमा ११ जना साथै नेपाली गैरमातृभाषी छात्रा ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशतमा ० जना, ३१-४० प्रतिशतमा ० जना, ४१-५० प्रतिशतमा ० जना, ५१-६० प्रतिशतमा ० जना, ६१-७० प्रतिशतमा २ जना, ७१-८०

प्रतिशतमा १ जना, ८१-९० प्रतिशतमा ७ जना, ९०-१०० प्रतिशत १४ जना रहेका छन् । नेपाली गैरमातृभाषी छात्रहरूमध्ये सबैभन्दा बढी विद्यार्थी ९१-१०० प्रतिशतमा ११ जना र नेपाली गैरमातृभाषीहरूमध्ये सबैभन्दा बढी विद्यार्थी ९१-१०० प्रतिशतमा १४ जना रहेको तथ्य तालिका १० ले देखाउँछ । यसरी नेपाली गैरमातृभाषी छात्र/छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमता पहिचान गर्दा छात्र नेपाली गैरमातृभाषीहरूको भन्दा नेपाली गैरमातृभाषी छात्राहरूको शब्दनिर्माण क्षमता ९०-१०० को वर्गान्तरमा ११ जना विद्यार्थी भएकाले शब्दनिर्माण क्षमता राम्रो रहेको देखिन्छ ।

### ५.२.२.२ मध्यमानका आधारमा नेपाली गैरमातृभाषी छात्रहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तलको तालिकामा कक्षा आठमा अध्ययनरत नेपाली गैरमातृभाषी छात्र विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा विद्यार्थीहरूको मध्यमानका आधारमा तालिका ११ मा व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका ११**
**नेपाली गैरमातृभाषी छात्रहरूको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | ० | ३५ | ० |
| ४०–५० | ० | ४५ | ० |
| ५०–६० | ० | ५५ | ० |
| ६०–७० | ० | ६५ | ० |
| ७०–८० | ८ | ७५ | ६०० |
| ८०–९० | ५ | ८५ | ४२५ |
| ९०–१०० | ११ | ९५ | १०४५ |
| जम्मा | N = २४ | | Σfm =२०७० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{२०७०}{२४}$

= ८६.२५ उत्तर

तालिका ११ लाई विश्लेषण गर्दा कुल २४ जना नेपाली गैरमातृभाषी छात्रहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८६.२५ देखिन्छ। ८६.२५ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । नेपाली गैरमातृभाषी विद्यार्थीहरूको सिकाइ उपलब्धि ८६.२५ प्रतिशत भएको तथ्य तालिका ११ ले देखाउँदछ । यसरी नेपाली गैरमातृभाषी छात्र विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा छात्र विद्यार्थीको शब्दनिर्माण क्षमता ८०-९० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण क्षमता राम्रो रहेको छ।

### ५.२.२.३ मध्यमानका आधारमा नेपाली गैरमातृभाषी छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

तलको तालिकामा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा नेपाली गैरमातृभाषी छात्रा विद्यार्थीहरूको मध्यमानका आधारमा तालिका १२ मा विश्लेषण गरिएको छ :

## तालिका १२

## नेपाली गैरमातृभाषी छात्राहरूको शब्दनिर्माण क्षमताको मध्यमान

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ० | १५ | ० |
| २०-३० | ० | २५ | ० |
| ३०-४० | ० | ३५ | ० |
| ४०-५० | ० | ४५ | ० |
| ५०-६० | ० | ५५ | ० |
| ६०-७० | २ | ६५ | १३० |
| ७०-८० | १ | ७५ | ७५ |
| ८०-९० | ७ | ८५ | ५९५ |
| ९०-१०० | १४ | ९५ | १३३० |
| जम्मा | N = २४ | | Σfm =२१३० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

$$मध्यमान\ (\bar{X}) = \frac{\Sigma fm}{N}$$

$$= \frac{२१३०}{२४}$$

$$= ८८.७५$$ उत्तर

तालिका १२ लाई विश्लेषण गर्दा कुल २४ जना नेपाली गैरमातृभाषी छात्राहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८८.७५ देखिन्छ । ८८.७५ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । नेपाली गैरमातृभाषी छात्रा


विद्यार्थीहरूको सिकाइ उपलब्धि ८८.७५ प्रतिशत भएको तथ्य तालिका १२ ले देखाउँदछ। यसरी नेपाली गैरमातृभाषी छात्रा विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशतलाई आधार मानेर मध्यमान निकाल्दा नेपाली गैरमातृभाषी छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमता ८१-९० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण क्षमता ८१-९० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण क्षमता राम्रो रहेको देखिन्छ।

### ५.२.२.४ स्तम्भचित्रका आधारमा नेपाली गैरमातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

प्रस्तुत चित्रका आधारमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत नेपाली गैरमातृभाषीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा स्तम्भ चित्र ३ का आधारमा शब्दनिर्माण क्षमताको उपर्युक्त पहिचान गरिएको छ :

**चित्र ३**

**नेपाली गैरमातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माण क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७३।

माथिको स्तम्भचित्र हेर्दा नेपाली गैरमातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माण क्षमतामा छात्र विद्यार्थीहरूमा ९०-१०० प्रतिशतमा ११ जना र नेपाली गैरमातृभाषी छात्रा विद्यार्थीहरूमा ९०-१००, प्रतिशतमा १४ जना विद्यार्थी रहेको तथ्य चित्र ३ ले देखाउँदछ। यसरी नेपाली गैरमातृभाषी छात्र/छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमतालाई


स्तम्भचित्रका आधारमा प्रस्तुत गर्दा छात्र विद्यार्थीको शब्दनिर्माण क्षमताभन्दा छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमता ९१-१०० को वर्गान्तरमा १४ जना विद्यार्थी रहेकाले शब्दनिर्माण क्षमता राम्रो देखिन्छ ।

## ५.३ स्तम्भचित्रका आधारमा पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त चित्रका आधारमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषीहरूको प्राप्ताङ्कका आधारमा तलको चित्र ४ मा प्रस्तुत गरिएको छ :

**चित्र ४**

**पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

चित्र ४ मा स्तम्भचित्रमा हेर्दा पहिलो नेपाली मातृभाषी ९०-१०० प्रतिशतमा २१ जना र नेपाली गैरमातृभाषी विद्यार्थी ९०-१०० प्रतिशतमा १९ जना विद्यार्थी रहेको तथ्य चित्र ४ ले देखाउँदछ । यसरी पहिलो नेपाली मातृभाषी विद्यार्थी ९०-१०० को वर्गान्तरमा २१ जना विद्यार्थी रहेकाले नेपाली गैरमातृभाषी विद्यार्थीको शब्दनिर्माण भन्दा राम्रो रहेको छ ।

## ५.४ समग्र मध्यमानका आधारमा भाषिक पृष्ठभूमिका दृष्टिले शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तलको तालिकामा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषीहरूको समग्र मध्यमानका आधारमा तलको तालिका १३ बाट प्रस्ट पारिएको छ :

**तालिका १३**

**भाषिक पृष्ठभूमिका दृष्टिले शब्दनिर्माण क्षमताको मध्यमान अवस्था**

<table>
<tr><th rowspan="2">कुल विद्यार्थी सङ्ख्या</th><th rowspan="2">समग्र मध्यमान</th><th rowspan="2" colspan="2">समूह</th><th rowspan="2">समूहगत सङ्ख्या</th><th colspan="2">मध्यमानभन्दा माथि</th><th colspan="2">मध्यमान भन्दा तल</th></tr>
<tr><th>सं.</th><th>प्र.</th><th>सं.</th><th>प्र.</th></tr>
<tr><td>जना</td><td rowspan="2">८५.५२</td><td rowspan="2">भाषिक पृष्ठभूमिको आधार</td><td>पहिलो नेपाली मातृभाषी</td><td>४८</td><td>२७</td><td>२८</td><td>२१</td><td>२१</td></tr>
<tr><td>९६</td><td>नेपाली गैरमातृभाषी</td><td>४८</td><td>३५</td><td>३६</td><td>१३</td><td>१३</td></tr>
</table>

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथि देखाइएको तालिकाअनुसार भाषिक पृष्ठभूमिको आधारमा शब्दनिर्माण क्षमता परीक्षण गर्नका लागि पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषी गरी कुल विद्यार्थी सङ्ख्यालाई छुट्याइएको छ । नेपाली पहिलो भाषी विद्यार्थी सङ्ख्या ४८ जना र नेपाली गैरमातृभाषी विद्यार्थी सङ्ख्या ४८ जना प्रस्तुत अध्ययनमा संलग्न गराइएको छ ।

समग्र मध्यमान ८५.५२ लाई आधार विन्दु मानेर हेर्दा पहिलो नेपाली मातृभाषी विद्यार्थीतर्फ २७ जना अर्थात् २८ प्रतिशत विद्यार्थीहरू मध्यमान विन्दुभन्दा माथि र २१ अर्थात् २१ प्रतिशत विद्यार्थीहरू मध्यमान विन्दुभन्दा तल रहेको देखिएको छ । अर्कातर्फ नेपाली गैरमातृभाषी विद्यार्थी समूहतर्फ समग्र मध्यमानलाई आधार बनाएर तयार पारिएको तालिकाअनुसार ४८ जना विद्यार्थीमध्ये मध्यविन्दुभन्दा माथि ३५ जना अर्थात् ३६ प्रतिशत र मध्यविन्दुभन्दा तल १३ जना अर्थात् १३ प्रतिशत विद्यार्थी रहेको देखाइएको छ ।

समग्र मध्यमानलाई आधार मानेर तयार पारिएको तथ्याङ्कलाई हेर्दा र विश्लेषण गर्दा नेपाली मातृभाषी अर्थात् पहिलो भाषी विद्यार्थीको समूह मध्यमान विन्दुभन्दा तलको सङ्ख्या मध्यमान विन्दुभन्दा माथिको सङ्ख्याभन्दा अधिक रहेकाले नेपाली शब्दनिर्माण क्षमताको यस नतिजालाई सन्तोषजनक मान्न सकिदैन । नेपाली गैरमातृभाषी विद्यार्थीको समूह मध्यमान विन्दुभन्दा तलको सङ्ख्याभन्दा मध्यमान विन्दुको माथिको सङ्ख्या अधिक रहेकाले नेपाली गैरमातृभाषी विद्यार्थीको समूह नेपाली शब्दनिर्माण क्षमतामा सन्तोषजनक नै रहेको मान्न सकिन्छ ।

समग्रमा के भन्न सकिन्छ भने भाषिक पृष्ठभूमिका आधारले सोलुखुम्बु जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थी नेपाली शब्दनिर्माण क्षमतामा पहिलो नेपाली मातृभाषी विद्यार्थी अर्थात् नेपाली मातृभाषी विद्यार्थी कमजोर र नेपाली गैरमातृभाषी विद्यार्थी सबल रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.५ भाषिक पृष्ठभूमिका आधारमा/भाषिक मध्यमानका आधारमा शब्दनिर्माण क्षमताको अध्ययन

तलको तालिकाबाट भाषिक पृष्ठभूमि र भाषिक मध्यमानका आधारमा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा तालिका १४ मा प्रस्ट रूपमा राखिएको छ :

**तालिका १४**

**भाषिक पृष्ठभूमिका आधारमा /भाषिक मध्यमानका आधारमा शब्दनिर्माण क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | भाषिक पृष्ठभूमिको आधार | समूहगत सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सं. | प्र. | सं. | प्र. |
| जना ९६ | ८५.५२ | पहिलो नपाली मातृभाषी | ४८ | ८४.३७ | २७ | ५६ | २१ | ४३ |
| | | नेपाली गैरमातृभाषी | ४८ | ८६.८७ | ३६ | ७५ | १२ | २५ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

उल्लिखित तालिकामा जम्मा ९६ जना विद्यार्थी सङ्ख्यालाई भाषिक पृष्ठभूमिका आधारमा विभाजन गरेर मध्यमान निकाली प्रस्तुत गरिएको छ । भाषिक पृष्ठभूमिको मध्यमानका आधारमा विद्यार्थीको मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलको सङ्ख्या निर्धारण गरिएको छ । भाषिक पृष्ठभूमिका आधारले हेर्दा पहिलो नेपाली मातृभाषी समूहतर्फको मध्यमान ८४.३७ रहेको छ । ४८ जना सङ्ख्या रहेको पहिलो नेपाली मातृभाषी समूहतर्फ मध्यमानभन्दा माथि २७ जना अर्थात् ५६ प्रतिशत विद्यार्थी र मध्यमानभन्दा तल २१ जना अर्थात् ४३ प्रतिशत विद्यार्थीहरू रहेको देखिएको छ। अर्कोतर्फ ४८ को सङ्ख्यामा रहेको नेपाली गैरमातृभाषी समूहको मध्यमान ८६.८७ रहेको देखिएको छ । ८६.८७ मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि ३६ जना अर्थात् ७५ प्रतिशत र मध्यमानभन्दा तल १२ जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरू रहेको देखिएको छ।

भाषिक पृष्ठभूमिको मध्यमानलाई आधार मानेर निकालिएको तालिकाअनुसार विश्लेषण गर्दा पहिलो नेपाली मातृभाषी समूहतर्फ मध्यविन्दु अर्थात् मध्यमानभन्दा माथिको सङ्ख्या कम र मध्यमानभन्दा तलको सङ्ख्या बढी रहेको देखिएकाले नेपाली शब्दनिर्माण क्षमतामा पहिलो नेपाली मातृभाषी समूह कमजोर रहेको देखिएको छ । अर्कातर्फ नेपाली गैरमातृभाषी समूह तर्फ निकालिएको मध्यमानलाई आधार मानेर हेर्दा नेपाली गैरमातृभाषीको सङ्ख्या मध्यमानभन्दा माथि बढी र मध्यमानभन्दा तल कम रहेको देखिएकाले नेपाली गैरमातृभाषी समूह नेपाली शब्दनिर्माण क्षमतामा सबल नै रहेको देखिएको छ।

यसरी भाषिक पृष्ठभूमिको मध्यमानलाई आधार मानेर, तयार गरिएको तालिकाअनुसार पहिलो नेपाली मातृभाषी समूह नेपाली शब्दनिर्माण क्षमतामा कमजोर रहेको देखिन्छ भने नेपाली गैरमातृभाषी समूह केही मात्रामा सबल रहेको पाइन्छ।

## ५.६ निष्कर्ष

प्रस्तुत अध्याय पाँचमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा शब्दनिर्माण क्षमताको विश्लेषण गरिएको छ। जसमा विषय परिचय, पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमताको विश्लेषण गरिएको छ यसमा नेपाली गैरमातृभाषीहरूको ९१-१०० को वर्गान्तरमा सबैभन्दा बढी विद्यार्थी सङ्ख्या २१ जना रहेकाले नेपाली गैर मातृभाषीहरूको

शब्दनिर्माण उच्च रहेको छ । मध्यमानका आधारमा पहिलो नेपाली मातृभाषीहरूको शब्दनिर्माण क्षमता ८१-९० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण क्षमता राम्रो छ । पहिलो नेपाली मातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माणमा ९१-१०० को वर्गान्तरमा सबैभन्दा बढी ११ जना विद्यार्थी रहेकाले छात्राहरूको शब्दनिर्माण राम्रो रहेको छ । मध्यमानका आधारमा पहिलो नेपाली मातृभाषी छात्रहरूको शब्दनिर्माण ७१-८० को वर्गान्तरमा पर्ने भएकाले छात्रहरूको शब्दनिर्माण अति उत्तम रहेको छ । मध्यमानका आधारमा पहिलो नेपाली मातृभाषी छात्राहरूको शब्दनिर्माण क्षमता ८१-९० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण क्षमता राम्रो रहेको छ । स्तम्भचित्रका आधारमा पहिलो नेपाली मातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माण क्षमता ८१-९० को वर्गान्तरमा सबैभन्दा बढी ११ जना विद्यार्थी रहेकाले छात्राहरुको शब्दनिर्माण उच्च रहेको छ । मध्यमानका आधारमा नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण ८१-९० को वर्गान्तरमा रहेको छ । नेपाली गैरमातृभाषी छात्र/छात्राहरूको शब्दनिर्माणमा छात्राहरू ९१-१०० को वर्गान्तरमा ११ जना सबैभन्दा बढी विद्यार्थी रहेकाले छात्राहरूको शब्दनिर्माण राम्रो रहेको छ । नेपाली गैरमातृभाषीको छात्रा विद्यार्थीहरूको मध्यमान ८१-९० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण क्षमता राम्रो रहेको छ । दण्डारेख चित्रका आधारमा छात्र/छात्राहरूको शब्दनिर्माण क्षमता छात्राहरू ९१-१०० को वर्गान्तरमा सबैभन्दा बढी १४ जना विद्यार्थीहरू पर्ने भएकाले छात्रा विद्यार्थीको शब्दनिर्माण क्षमता उच्च रहेको छ । त्यसैगरी पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषीहरूको स्तम्भचित्रका आधारमा नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण ९१-१०० को वर्गान्तरमा सबैभन्दा बढी २४ जना विद्यार्थी रहेकाले नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमता उच्च रहेको छ । भाषिक पृष्ठभूमिका दृष्टिले पहिलो नेपाली मातृभाषीको मध्यमानभन्दा माथिको सङ्ख्या २७ जना र नेपाली गैरमातृभाषीहरुको मध्यमानभन्दा माथि ३५ जना रहेको छ भने पहिलो नेपाली मातृभाषी विद्यार्थीको मध्यमानभन्दा तलको संख्या २१ जना र मध्यमानभन्दा तलको सङ्ख्या १३ जना रहेको छ त्यसैले नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमता मध्यमानभन्दा माथिको सङ्ख्या बढी भएकाले नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमता राम्रो रहेको छ ।

## अध्याय छ

# सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

## ६.१ विषयपरिचय

यस अध्यायमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतलाई लैङ्गिकताका आधारमा विद्यार्थीहरूको शब्दनिर्माण क्षमता, मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमता, मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमता, स्तम्भचित्रका आधारमा छात्रछात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमता समग्र मध्यमानका आधारमा लैङ्गिक दृष्टिले शब्दनिर्माण क्षमता, मध्यमानका आधारमा लैङ्गिकताका दृष्टिले शब्दनिर्माण क्षमताको स्थिति र अन्त्यमा यस अध्यायको निष्कर्ष सहित व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ६.२ लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

यस अध्यायमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकतालाई आधार बनाएर निम्नानुसार तालिका १५ बाट देखाइएको छ :

**तालिका १५**

**लैङ्गिकताका आधारमा विद्यार्थीको शब्दनिर्माण क्षमता अध्ययन**

| लिङ्ग | ०-२० प्र. | २१-३० प्र. | ३१-४० प्र. | ४१-५० प्र. | ५१-६० प्र. | ६१-७० प्र. | ७१-८० प्र. | ८१-९० प्र. | ९१-१०० प्र. |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ० | ० | ० | १ | १ | १ | १५ | १२ | १८ |
| छात्रा | ० | ० | ० | ० | ० | ३ | ६ | १६ | २३ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

तालिका १५ लाई विश्लेषण गर्दा कुल ९६ जना विद्यार्थीहरूमध्ये ४८ जना छात्रा र ४८ जना छात्र छन् । क्रमशः छात्र ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत १ जना, ५१-६० प्रतिशत १ जना, ६१-७० प्रतिशत १ जना, ७१-८० प्रतिशत १५ जना, ८१-९० प्रतिशत १२ जना र ९१- १०० प्रतिशत १८ जना साथै छात्रातर्फ ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत ० जना, ५१-६० प्रतिशत ० जना, ६१-७० प्रतिशत ३ जना, ७१-८० प्रतिशत ६ जना, ८१-९० प्रतिशत १६ जना, ९१-१०० प्रतिशत २३ जना रहेका छन् । लैङ्गिकताका आधारमा शब्दनिर्माण क्षमता छात्रतर्फ ९१-१०० प्रतिशत १८ जना र छात्रातर्फ ९१- १०० प्रतिशत २३ जना रहेको देखिन्छ । यसरी माथिको तालिकालाई विश्लेषण गर्दा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत छात्र विद्यार्थीभन्दा छात्रा विद्यार्थीको नतिजा उच्च रहेको पाइन्छ । ९१-१०० को वर्गान्तरमा २३ जना विद्यार्थी रहेकाले जसमा शब्दनिर्माण क्षमतामा छात्र भन्दा छात्राको सङ्ख्या सक्रिय रहेको जानकारी यस तालिकाबाट लिन सकिन्छ ।

### ६.२.१ मध्यमानका आधारमा छात्रहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तालिकामा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत छात्रहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा तलको तालिका १६ विश्लेषण गरिएको छ :

**तालिका १६**

**लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत छात्रहरूको शब्दनिर्माण क्षमताको मध्यमान अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ० | १५ | ० |
| २०-३० | ० | २५ | २५ |
| ३०-४० | ० | ३५ | ० |
| ४०-५० | १ | ४५ | ४५ |
| ५०-६० | ३ | ५५ | ५५ |
| ६०-७० | १ | ६५ | ६५ |
| ७०-८० | १५ | ७५ | ११२५ |
| ८०-९० | १२ | ८५ | १०२० |
| ९०-१०० | १८ | ९५ | १७१० |
| जम्मा | N = ४८ | | Σfm =४०२० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{४०२०}{४८}$

= ८३.७५ उत्तर

तालिका १६ लाई विश्लेषण गर्दा कुल ४८ जना छात्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८३.७५ देखिन्छ । ८३.७५ औसत मध्यमान ८०-९०

को वर्गान्तर बिचमा रहेको छ । छात्र विद्यार्थीको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८३.७५ प्रतिशत भएको तथ्य तालिका १६ ले देखाउँछ । यस तालिकाबाट के स्पष्ट हुन्छ भने सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू शब्दनिर्माणमा ८०-९० को वर्गान्तरमा पर्ने भएकाले राम्रो रहेको पाउन सकिन्छ ।

### ६.२.२ मध्यमान आधारमा छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तालिकाअनुसार सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत छात्रा विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा तलको तालिका १७ मा प्रस्ट व्याख्या निम्नानुसार गरिएको छ :

**तालिका १७**

**लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत छात्राहरूको शब्दनिर्माण क्षमता अध्ययनको मध्यमान अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | ० | ३५ | ० |
| ४०–५० | ० | ४५ | ० |
| ५०–६० | ० | ५५ | ० |
| ६०–७० | ३ | ६५ | १९५ |
| ७०–८० | ६ | ७५ | ४५० |
| ८०–९० | १६ | ८५ | १३६० |
| ९०–१०० | २३ | ९५ | २१८५ |
| जम्मा | N = ४८ | | $\sum$fm =४१९० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{४१९०}{४८}$

= ८७.२९ उत्तर


तालिका १७ लाई विश्लेषण गर्दा कुल ५० जना छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८४.२ देखिन्छ । ८४.२ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । छात्रा विद्यार्थीको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८४.२ प्रतिशत भएको तथ्य तालिका १७ ले देखाउँछ । यसरी यस तालिकाले के स्पष्ट गराउँछ भने सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत छात्रा विद्यार्थीहरू शब्दनिर्माण क्षमतामा ८१-९० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण राम्रो नै रहेको निष्कर्ष निकालिएको छ ।

### ६.२.३ स्तम्भचित्रका आधारमा छात्रछात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

यस अध्यायमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत छात्रछात्रा विद्यार्थीहरूको प्राप्ताङ्कका आधारमा शब्दनिर्माण क्षमताको स्तम्भचित्र ५ का आधारमा प्रस्ट पारिएको छ :

**चित्र ५**

**लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत छात्रछात्राहरूको शब्दनिर्माण क्षमताः**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

चित्र ५ स्तम्भमा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको सबैभन्दा बढी सक्षमता ९०-१०० को वर्गान्तिर बिचमा रहेको देखिन्छ । क्रमश ९०-१०० वर्गान्तरभित्र पर्ने छात्र १८ जना र छात्रा २३ जना विद्यार्थीको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि अन्यको भन्दा उच्च रहेको तथ्य चित्र ५ ले देखाउँछ ।

## ६.३ समग्र मध्यमानका आधारमा लैङ्गिक शब्दनिर्माण क्षमताको स्थिति

तलको तालिकामा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत छात्रछात्राहरूको प्राप्ताङ्कअनुसार समग्र मध्यमानका आधारमा तलको तालिका १८ मा देखाइएको छ :

**तालिका १८**

**समग्र मध्यमानका आधारमा लैङ्गिक दृष्टिले शब्दनिर्माण क्षमताको स्थिति**

| कुल सङ्ख्या | समग्र मध्यमान | समूह | | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | लिङ्गको आधार | छात्र | ४८ | २७ | ५६ | २१ | ४३ |
| ९६ | ८५.५२ | | छात्रा | ४८ | ३६ | ७५ | १२ | ६६ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

उपर्युक्त तालिकामा जम्मा ९६ जना विद्यार्थी सङ्ख्या र समग्र मध्यमान ८५.५२ लाई आधार मानेर लिङ्गगत (छात्र र छात्रा) समूहको नेपाली शब्दनिर्माण क्षमताको यथार्थ विवरण प्रस्तुत गरिएको छ । छात्र र छात्राको समूहगत आधारमा हेर्दा समग्र शब्दनिर्माण क्षमताको मापन गर्दा छात्रतर्फ ४८ र छात्रातर्फ ४८ विद्यार्थीलाई समावेश गरिएको छ । समग्र मध्यमान ८५.५२ लाई आधार बनाई हेर्दा छात्र समूहतर्फ २७ जना अर्थात् ५६ प्रतिशत मध्यमानभन्दा माथि छन् भने २१ जना अर्थात् ४३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको देखिन्छ । अर्कोतर्फ छात्रा समूहको तालिकालाई हेर्दा समग्र मध्यमानको विन्दुभन्दा ३६ जना अर्थात् ७५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि

रहेको देखिन्छ भने १२ जना अर्थात् ६६ प्रतिशत विद्यार्थीहरू समग्र मध्यमानको विन्दुभन्दा तल रहेको देखिन्छ ।

समग्र मध्यमानलाई आधार मानेर निकालिएको तालिकाअनुसार विश्लेषण गर्दा छात्र समूहतर्फ मध्यमानभन्दा माथिको प्रतिशत बढी र मध्यमानभन्दा तलको सङ्ख्या अथवा प्रतिशत कम रहेको देखिएकाले यस समूहको नेपाली शब्दनिर्माण सन्तोषजनक रहेको देखिन्छ । अर्कोतर्फ छात्रा समूहलाई समग्र मध्यमानमा राखेर विश्लेषण गर्दा मध्यमानभन्दा माथिको सङ्ख्या बढी र मध्यमानभन्दा तलको सङ्ख्या कम रहको देखिएकाले छात्रा समूहको पनि नेपाली शब्दनिर्माण क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

यसरी समग्र मध्यमानलाई आधार बनाएर लैङ्गिक आधारमा हेर्दा सोलुखुम्बु जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत छात्र र छात्रा दुवै समूह नेपाली शब्दनिर्माण क्षमतामा सन्तोषजनक रहेको पाइएको छ ।

## ६.४ मध्यमानका आधारमा लैङ्गिकताका दृष्टिले शब्दनिर्माण क्षमताको स्थिति

उपर्युक्त तालिकामा कक्षा आठका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा र मध्यमानलाई आधार बनाएर शब्दनिर्माण क्षमतालाई तालिका १९ मा स्पष्ट पारिएको छ :

**तालिका १९**

**लैङ्गिक मध्यमानको आधारमा शब्दनिर्माण क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | लिङ्गको आधार | समूहगत सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| जना | छात्र | ४८ | ८३.७५ | ३० | ६२ | १८ | ३६ |
| ९६ | छात्रा | ४८ | ८७.२९ | ३३ | ६८ | १४ | २९ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

उपर्युक्त तालिकामा जम्मा ९६ जना विद्यार्थी सङ्ख्यालाई लिङ्गगत आधारमा विभाजन गरेर मध्यमान निकाली प्रस्तुत गरिएको छ । लिङ्गगत मध्यमानका आधारमा विद्यार्थीको मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलको सङ्ख्या निर्धारण गरिएको छ । लिङ्गगत आधारले हेर्दा छात्र समूहतर्फको मध्यमान ८३.७५ रहेको छ । ४८ जना सङ्ख्या रहेको छात्र समूहतर्फ मध्यमानभन्दा माथि ३० जना अर्थात् ६२ प्रतिशत विद्यार्थी र मध्यमानभन्दा तल १८ जना अर्थात् ३७ प्रतिशत विद्यार्थीहरू रहेको देखिएको छ । अर्कोतर्फ ४८ कै सङ्ख्यामा रहेको छात्रा समूहको मध्यमान ८७.२९ रहेको देखिएको छ । ८७.२९ मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि ३३ जना अर्थात् ६८ प्रतिशत र मध्यमानभन्दा तल १४ जना अर्थात् २९ प्रतिशत विद्यार्थीहरूलाई रहेको देखिएको छ ।

लैङ्गिक मध्यमानलाई आधार मानेर निकालिएको तालिकाअनुसार विश्लेषण गर्दा छात्र समूहतर्फ मध्यविन्दु अर्थात् मध्यमानभन्दा माथिको सङ्ख्या बढी र मध्यमानभन्दा तलको सङ्ख्या कम रहेको देखिएकाले नेपाली शब्दनिर्माण क्षमतामा छात्र समूह सन्तोषजनक नै देखिएको छ । अर्कोतर्फ छात्रा समूह तर्फ निकालिएको मध्यमानलाई आधार मानेर हेर्दा छात्राको सङ्ख्या मध्यमानभन्दा माथि बढी र मध्यमानभन्दा तल कम रहेको देखिएकाले छात्रा समूह पनि नेपाली शब्दनिर्माण क्षमतामा सन्तोषजनक रहेको देखिएको छ ।

यसरी लैङ्गिक मध्यमानलाई आधार मानेर तयार गरिएको तालिकाअनुसार छात्र समूह र छात्रा समूह दुवै नेपाली शब्दनिर्माण क्षमतामा सन्तोषजनक रहेको देखिन्छ । मध्यमानलाई आधार बनाएर विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशतलाई केलाउँदा छात्र विद्यार्थीको प्रतिशत छात्रा विद्यार्थीहरूको कम रहेको पाउन सकिन्छ जसमा छात्र र छात्राको अन्तर खासै धेरै नभएको समग्रमा छात्रछात्रा दुबै विद्यार्थीहरूको शब्दनिर्माण क्षमता सन्तोषजनक नै रहेको पाउन सकिन्छ ।

## ६.५ निष्कर्ष

प्रस्तुत अध्यायमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । जसमा प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको ९१-१०० को वर्गान्तरमा २३ जना विद्यार्थीहरू रहेकाले छात्रा

विद्यार्थीको अङ्क उच्च रहेको छ भने छात्रको ९१-१०० को वर्गान्तरमा नै १८ जना रहेका छन् त्यसैले छात्राभन्दा कम रहेको छ । त्यही विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशतमा मध्यमानका आधारमा छात्रको भन्दा छात्राको प्रतिशत बढी रहेको छ भने मध्यमान भन्दा माथि छात्रा विद्यार्थीको सङ्ख्या ३३ जना र ३६ प्रतिशत बढी रहेको छ भने मध्यमानभन्दा तल ३० जना र ३६ प्रतिशत कम रहेको छ । यसरी लैङ्गिकताका आधारमा सामुदायिक र संस्थागत विद्यालयका छात्र विद्यार्थीहरूभन्दा छात्रा विद्यार्थी बढी सक्रिय रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**अध्याय : सात**

# सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयका प्रकृतिका आधारमा शब्दनिर्माण क्षमता

## ७.१ विषयपरिचय

यस अध्यायमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको शब्दनिर्माण क्षमता, सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमानका आधारमा शब्दनिर्माण क्षमता, संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमता, स्तम्भचित्रका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमता, समग्र मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको विश्लेषण साथै अन्त्यमा निष्कर्ष सहित व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ७.२ सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तालिकामा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतलाई आधार बनाएर तलको तालिका २० बाट प्रस्ट गरिएको छ :

तालिका २०

सामुदायिक र संस्थागत विद्यालयका आधारमा कक्षा आठका विद्यार्थीको शब्दनिर्माण क्षमता

| विद्यालयको प्रकृति | | ०–२० प्र. | २१–३० प्र. | ३१–४० प्र. | ४१–५० प्र. | ५१–६० प्र. | ६१–७० प्र. | ७१–८० प्र. | ८१–९० प्र. | ९१–१०० प्र. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय | सङ्ख्या | ० | ० | ० | ० | १ | ३ | १३ | १५ | १६ |
| संस्थागत विद्यालय | | ० | ० | ० | ० | ० | ० | ९ | १४ | २५ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

तालिका २० लाई विश्लेषण गर्दा सामुदायिक र संस्थागत विद्यालयका आधारमा कुल ९६ जना विद्यार्थीहरूमध्ये ४८ जना सामुदायिक र ४८ जना संस्थागत विद्यालयका विद्यार्थीहरू रहेका छन् । क्रमशः सामुदायिक विद्यालय ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत ० जना, ५१-६० प्रतिशत १ जना, ६१-७० प्रतिशत ३ जना, ७१-८० प्रतिशत १३ जना, ८१-९० प्रतिशत १५ जना, ९१-१०० प्रतिशत १६ जना साथै संस्थागत विद्यालयतर्फ ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत ० जना, ५१-६० प्रतिशत ० जना, ६१-७० प्रतिशत ० जना, ७१-८० प्रतिशत ९ जना, ८१-९० प्रतिशत १४ जना र ९१-१०० प्रतिशत २५ जना रहेका छन् । सामुदायिक विद्यालयमध्ये सबैभन्दा बढी विद्यार्थी ९१-१०० प्रतिशतमा १६ जना र संस्थागत विद्यालय ९१-१०० प्रतिशतमा २५ जना रहेको तथ्य तालिका २० ले देखाउँछ । यसरी सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू सक्रिय रहेका तालिका २० ले देखाएको छ ।

### ७.२.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमानका आधारमा शब्दनिर्माण क्षमताको अध्ययन

तलको तालिकाबाट विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कलाई पहिचान गरी सोही अनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको तालिका २१ मा मध्यमान निकालिएको छ :

मध्यमान ( $\bar{x}$) : सामुदायिक विद्यालयका विद्यार्थी

## तालिका २१

## सामुदायिक विद्यालयका विद्यार्थीको शब्दनिर्माण क्षमताको मध्यमान

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | ० | ३५ | ० |
| ४०–५० | ० | ४५ | ० |
| ५०–६० | १ | ५५ | ५५ |
| ६०–७० | ३ | ६५ | ८४५ |
| ७०–८० | १३ | ७५ | ९७५ |
| ८०–९० | १५ | ८५ | १२७५ |
| ९०–१०० | १६ | ९५ | १५२० |
| जम्मा | N = ४८ | | Σfm =३४०७ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{३४०७}{४८}$

= ७०.९७ उत्तर

तालिका २१ लाई विश्लेषण गर्दा कुल ४८ जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ७०.९७ देखिन्छ । ७०.९७ औसत मध्यमान ६१-७० को वर्गान्तर बिचमा रहेको छ । सामुदायिक विद्यालयको विद्यार्थीको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ७०.९७ प्रतिशत भएको तथ्य

तालिका २१ ले देखाउँछ । यसरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमता ७०-८० को वर्गान्तरमा रहेकाले शब्दनिर्माण अति उत्तम रहेको छ ।

### ७.२.१.१ सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तलको तालिकाअनुसार कक्षा आठमा अध्ययनरत सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतलाई तलको तालिका २२ बाट देखाइएको छ :

**तालिका २२**

**सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमता**

| सामुदायिक विद्यालय | | ०–२० प्र. | २१–३० प्र. | ३१–४० प्र. | ४१–५० प्र. | ५१–६० प्र. | ६१–७० प्र. | ७१–८० प्र. | ८१–९० प्र. | ९१–१०० प्र. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो नेपाली मातृभाषी | सङ्ख्या | ० | ० | ० | ० | १ | २ | ७ | ८ | ६ |
| नेपाली गैरमातृभाषी | | ० | ० | ० | ० | ० | २ | ६ | ७ | ९ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

तालिका २२ लाई विश्लेषण गर्दा सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूमध्ये कुल ४८ जना विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी २४ जना र नेपाली गैरमातृभाषी २४ जना रहेका छन् । क्रमशः सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत ० जना, ५१-६० प्रतिशत १ जना, ६१-७० प्रतिशत २ जना, ७१-८० प्रतिशत ७ जना, ८१-९० प्रतिशत ८ जना, ९१-१०० प्रतिशत ६ जना साथै सामुदायिक विद्यालयका नेपाली गैरमातृभाषी ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत ० जना, ५१-६० प्रतिशत ० जना, ६१-७० प्रतिशत २ जना, ७१-८० प्रतिशत ६ जना, ८१-

९० प्रतिशत ७ जना, ९१-१०० प्रतिशत ९ जना जना रहेका छन् । सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी विद्यार्थी ८१-९० प्रतिशतमा ८ जना र नेपाली गैरमातृभाषी विद्यार्थी ९१-१०० प्रतिशतमा ९ जना रहेको तथ्य तालिका २२ ले देखाउँछ । यसरी सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमतामा पहिलो नेपाली मातृभाषी विद्यार्थीको शब्दनिर्माण राम्रो देखिन्छ भने नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण ९१-१०० वर्गान्तरमा रहेकाले अति राम्रो देखिन्छ ।

### ७.२.१.२ मध्यमानका आधारमा सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तलको तालिका कक्षा आठमा विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषीहरूको मध्यमानको आधारमा शब्दनिर्माण तालिका २३ मा विश्लेषण गरिएको छ :

**तालिका २३**

**सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषीहरूको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | ० | ३५ | ० |
| ४०–५० | ० | ४५ | ० |
| ५०–६० | १ | ५५ | ५५ |
| ६०–७० | २ | ६५ | १३० |
| ७०–८० | ७ | ७५ | ५२५ |
| ८०–९० | ८ | ८५ | ६८० |
| ९०–१०० | ६ | ९५ | ५७० |
| जम्मा | N = २४ | | Σfm =१९६० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

$$मध्यमान\ (\bar{X}) = \frac{\Sigma fm}{N}$$

$$= \frac{१९६०}{२४}$$

$$= ८१.६६$$ उत्तर

तालिका २३ लाई विश्लेषण गर्दा कुल २४ जना सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८१.६६ देखिन्छ । ८१.६६ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८१.६६ प्रतिशत भएको तथ्य तालिका २३ ले देखाउँछ । यसरी सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमता ८०-९० को वर्गान्तरमा रहेकाले राम्रो रहेको छ ।

### ७.२.१.३ मध्यमानका आधारमा सामुदायिक विद्यालयका नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

प्रस्तुत तलको तालिकामा कक्षा आठमा अध्ययनरत सामुदायिक विद्यालयका नेपाली गैरमातृभाषी विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतलाई आधार बनाएर सामुदायिक विद्यालयका नेपाली गैरमातृभाषीहरूको मध्यमानका आधारमा तालिका २४ बाट शब्दनिर्माण पहिचान गरिएको छ :

**तालिका २४**

**सामुदायिक विद्यालयका नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण**

**क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ० | १५ | ० |
| २०-३० | ० | २५ | ० |
| ३०-४० | ० | ३५ | ० |
| ४०-५० | ० | ४५ | ० |
| ५०-६० | ० | ५५ | ० |
| ६०-७० | २ | ६५ | १३० |
| ७०-८० | ६ | ७५ | ४५० |
| ८०-९० | ७ | ८५ | ५९५ |
| ९०-१०० | ९ | ९५ | ८५५ |
| जम्मा | N = २४ | | Σfm =२०३० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

$$\text{मध्यमान } (\bar{X}) = \frac{\Sigma fm}{N}$$

$$= \frac{२०३०}{२४}$$

$$= ८४.५८ \text{ उत्तर}$$

तालिका २४ लाई विश्लेषण गर्दा कुल २४ जना सामुदायिक विद्यालयका नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८४.५८ देखिन्छ । ८४.५८ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । सामुदायिक विद्यालयका नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको औसत सिकाइ


उपलब्धि ८४.५८ प्रतिशत भएको तथ्य तालिका २४ ले देखाउँछ । यसरी सामुदायिक विद्यालयका नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमता ८०-९० को वर्गान्तरमा पर्ने भएकाले सामुदायिक विद्यालयका गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमता राम्रो रहेको छ ।

### ७.२.१.४ स्तम्भचित्रका आधारमा सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी/ नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपयुक्त तालिकामा कक्षा आठका सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषी विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा तलको चित्र ६ बाट स्पष्ट पारिएको छ :

**चित्र ६**

**सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

चित्र ६ मा स्तम्भचित्रका आधारमा सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमतामा सामुदायिक विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरूमा ८०-९० प्रतिशतमा ८ जना र सामुदायिक विद्यालयका नेपाली गैरमातृभाषी विद्यार्थीहरूको ९०-१०० प्रतिशतमा ९ जना विद्यार्थी रहेको तथ्य चित्र ६ ले देखाउँदछ । यसरी सामुदायिक विद्यालयका पहिलो नेपाली मातृभाषी र सामुदायिक

विद्यालयका नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमतालाई दण्डारेख चित्रका आधारमा देखाउँदा सामुदायिक विद्यालयका नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमता ९०-१०० को वर्गान्तरमा सबैभन्दा बढी ९ जना विद्यार्थी भएकाले राम्रो रहेको छ ।

### ७.२.१.५ सामुदायिक विद्यालयका छात्र/छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

प्रस्तुत तालिकामा सोलुखुम्बु जिल्लाको कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका कुल ९६ जना विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालयका २४ जना छात्र र २४ जना छात्रा गरी जम्मा ४८ जना विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशतलाई तलको तालिका २५ बाट देखाइएको छ :

**तालिका २५**

**सामुदायिक विद्यालयका छात्र/छात्राहरूको शब्दनिर्माण क्षमता**

| सामुदायिक विद्यालय | | ०-२० प्र. | २१-३० प्र. | ३१-४० प्र. | ४१-५० प्र. | ५१-६० प्र. | ६१-७० प्र. | ७१-८० प्र. | ८१-९० प्र. | ९१-१०० प्र. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १० | ४ | ८ |
| छात्रा | | ० | ० | ० | १ | ० | ० | ५ | ८ | १० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

तालिका २५ लाई विश्लेषण गर्दा सामुदायिक विद्यालयका कुल ४८ जना विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालयका छात्र २४ जना र छात्रा २४ जना रहेका छन् । क्रमशः सामुदायिक विद्यालयका छात्र विद्यार्थी ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत ० जना, ५१-६० प्रतिशत १ जना, ६१-७० प्रतिशत १ जना, ७१-८० प्रतिशत १० जना, ८१-९० प्रतिशत ४ जना, ९१-१०० प्रतिशत ८ जना साथै सामुदायिक विद्यालयका छात्रा विद्यार्थी ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत १ जना, ५१-६० प्रतिशत ० जना, ६१-७० प्रतिशत ० जना, ७१-८० प्रतिशत ५ जना, ८१-९० प्रतिशत ८ जना, ९१-१०० प्रतिशत १० जना रहेका छन् । सामुदायिक विद्यालयका छात्र विद्यार्थी ७१-८० प्रतिशतमा सबैभन्दा बढी १० जना र सामुदायिक विद्यालयका छात्रा विद्यार्थीमा ९१-१००

प्रतिशतमा सबैभन्दा बढी १० जना रहेको तथ्य तालिका २५ ले देखाउँदछ । यसरी सामुदायिक विद्यालयका छात्र/छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमतामा छात्र विद्यार्थीको ७१-८० प्रतिशतमा १० जना विद्यार्थी सङ्ख्या भएकाले सामुदायिक विद्यालयका छात्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमता अति उत्तम रहेको छ भने सामुदायिक विद्यालयका छात्रा विद्यार्थीहरूको ९१-१०० को वर्गान्तरमा सबैभन्दा बढी १० जना विद्यार्थी सङ्ख्या भएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमता अति राम्रो रहेको छ ।

### ७.२.१.६ मध्यमानका आधारमा सामुदायिक विद्यालयका छात्रहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तालिकाअनुसार कक्षा आठमा अध्ययनरत सामुदायिक विद्यालयका छात्रहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा तलको तालिका २६ मा विश्लेषण गरिएको छ :

**तालिका २६**

**सामुदायिक विद्यालयका छात्रहरूको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ० | १५ | ० |
| २०-३० | ० | २५ | ० |
| ३०-४० | ० | ३५ | ० |
| ४०-५० | ० | ४५ | ० |
| ५०-६० | १ | ५५ | ५५ |
| ६०-७० | १ | ६५ | ६५ |
| ७०-८० | १० | ७५ | ७५० |
| ८०-९० | ४ | ८५ | ३४० |
| ९०-१०० | ८ | ९५ | ७६० |
| जम्मा | N = २४ | | ∑fm =१९७० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

$= \frac{१९७०}{२४}$

= ८२.०८ उत्तर

तालिका २६ लाई विश्लेषण गर्दा कुल २४  जना सामुदायिक विद्यालयका छात्रहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८२.०८ प्रतिशत देखिन्छ । ८२.०८ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ। सामुदायिक विद्यालयका छात्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८२.०८ प्रतिशत भएको तथ्य तालिका २६ ले देखाउँदछ । यसरी सामुदायिक विद्यालयका छात्र विद्यार्थीहरूको शब्दनिर्माण ८०-९० को वर्गान्तरमा पर्ने भएकाले सामुदायिक विद्यालयका छात्रहरूको शब्दनिर्माण क्षमता राम्रो रहेको देखिन्छ।

### ७.२.१.७ मध्यमानका आधारमा सामुदायिक विद्यालयका छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

तलको तालिकाअनुसार कक्षा आठका सामुदायिक विद्यालयका छात्राहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा तालिका २७ मा व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका २७**

**सामुदायिक विद्यालयका छात्राहरूको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | ० | ३५ | ० |
| ४०–५० | १ | ४५ | ४५ |
| ५०–६० | ० | ५५ | ० |
| ६०–७० | ० | ६५ | ० |
| ७०–८० | ५ | ७५ | ३७५ |
| ८०–९० | ८ | ८५ | ६८० |
| ९०–१०० | १० | ९५ | ९५० |
| जम्मा | N = २४ | | Σfm =२०५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{२०५०}{२४}$

= ८५.४१ उत्तर

तालिका २७ लाई विश्लेषण गर्दा कुल २४ जना सामुदायिक विद्यालयका छात्राहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८५.४१ प्रतिशत देखिन्छ । ८५.४१ प्रतिशत औसत मध्यमान ८०-९० वर्गान्तर बिचमा रहेको छ । सामुदायिक विद्यालयका छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८५.४१


प्रतिशत भएको तथ्य तालिका २७ ले देखाउँछ । यसरी सामुदायिक विद्यालयको छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८०-९० को वर्गान्तरमा पर्ने भएकाले सामुदायिक विद्यालयका छात्राहरूको शब्दनिर्माण क्षमता राम्रो रहेको छ ।

### ७.२.१.८ स्तम्भचित्रका आधारमा सामुदायिक विद्यालयका छात्र/छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त चित्र सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत सामुदायिक विद्यालयका छात्र/छात्राहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा तलको स्तम्भ चित्र ७ का आधारमा स्पष्ट पारिएको छ :

**चित्र ७**

**सामुदायिक विद्यालयका छात्र/छात्राहरूको शब्दनिर्माण क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

चित्र ७ मा स्तम्भचित्रमा हेर्दा सामुदायिक विद्यालयका छात्र/छात्राहरूको शब्दनिर्माण सामुदायिक विद्यालयको छात्र विद्यार्थी ७०-८० प्रतिशतमा १० जना र सामुदायिक विद्यालयका छात्रा विद्यार्थी ९०-१०० प्रतिशतमा १० जना विद्यार्थी रहेको तथ्य चित्र ७ ले देखाउँदछ । यसरी सामुदायिक विद्यालयको छात्र विद्यार्थीहरूको शब्दनिर्माण ७०-८० को वर्गान्तरमा पर्ने भएकाले सामुदायिक विद्यालयका छात्रहरूको शब्दनिर्माण क्षमता अति उत्तम रहेको छ भने सामुदायिक विद्यालयका छात्राहरूको प्राप्ताङ्क

प्रतिशतका आधारमा शब्दनिर्माण ९०-१०० को वर्गान्तरमा पर्ने भएकाले सामुदायिक विद्यालयका छात्राहरूको शब्दनिर्माण क्षमता अति राम्रो रहेको छ ।

### ७.२.२ संस्थागत विद्यालयका विद्यार्थीको मध्यमानका आधारमा शब्दनिर्माण क्षमताको अध्ययन

सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानका आधारमा तालिका २८ मा शब्दनिर्माण क्षमताको पहिचान गरिएको छ :

मध्यमान $(\bar{X})$ : संस्थागत विद्यालयका विद्यार्थी

**तालिका २८**

**संस्थागत विद्यालयका विद्यार्थीको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | ० | ३५ | ० |
| ४०–५० | ० | ४५ | ० |
| ५०–६० | ० | ५५ | ० |
| ६०–७० | ० | ६५ | ० |
| ७०–८० | ९ | ७५ | ६७५ |
| ८०–९० | १४ | ८५ | ११९० |
| ९०–१०० | २५ | ९५ | २३७५ |
| जम्मा | N = ४८ | | Σfm =४२४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{४२४०}{४८}$

= ८८.३३ उत्तर

तालिका २८ लाई विश्लेषण गर्दा कुल ४८ जना संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८८.३३ देखिन्छ । ८८.३३ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८८.३३ प्रतिशत भएको तथ्य तालिका २८ ले देखाउँछ । यसरी संस्थागत विद्यालयका विद्यार्थीहरूको सिकाई उपलब्धि ८०-९० को वर्गान्तरमा पर्ने भएकाले शब्दनिर्माण राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

### ७.२.२.१ संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

प्रस्तुत तालिकामा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतलाई तलको तालिका २९ मा देखाइएको छ :

**तालिका २९**

**संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमता**

| संस्थागत विद्यालय | | ०-२० प्र. | २१-३० प्र. | ३१-४० प्र. | ४१-५० प्र. | ५१-६० प्र. | ६१-७० प्र. | ७१-८० प्र. | ८१-९० प्र. | ९१-१०० प्र. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो नेपाली मातृभाषी | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | ५ | ६ | १२ |
| नेपाली गैरमातृभाषी | | ० | ० | ० | ० | ० | ० | ३ | ६ | १५ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

तालिका २९ लाई विश्लेषण गर्दा संस्थागत विद्यालयका कुल ४८ जना विद्यार्थीहरूमध्ये संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी २४ जना र नेपाली गैरमातृभाषी २४ जना रहेका छन् । क्रमशः संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत ० जना, ५१-६० प्रतिशत ० जना, ६१-७० प्रतिशत १ जना, ७१-८० प्रतिशत ५ जना, ८१-९० प्रतिशत ६ जना, ९१-१०० प्रतिशत १२ जना साथै संस्थागत विद्यालयका नेपाली गैरमातृभाषी विद्यार्थी ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत ० जना, ५१-६० प्रतिशत ० जना, ६१-७० प्रतिशत ० जना, ७१-८० प्रतिशत ३ जना, ८१-९० प्रतिशत ६ जना, ९१-१०० प्रतिशत १५ जना रहेका छन् । संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी ९१-१०० प्रतिशतमा सबैभन्दा बढी १२ जना र संस्थागत विद्यालयका नेपाली गैरमातृभाषी ९१-१०० प्रतिशतमा १५ जना रहेको तथ्य तालिका २९ ले देखाउँदछ । यसरी संस्थागत विद्यालयको पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा हेर्दा संस्थागत विद्यालयको नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमता ९१-१०० को वर्गान्तमा १५ जना रहेका छन् त्यसैले संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी भन्दा नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमता राम्रो रहेको छ ।

#### ७.२.२.२ मध्यमानका आधारमा संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तलको तालिकाअनुसार कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषीहरूको मध्यमानका आधारमा शब्दनिर्माण क्षमताको पहिचान तालिका ३० मा गरिएको छ :

**तालिका ३०**

**संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषीहरुको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | ० | ३५ | ० |
| ४०–५० | ० | ४५ | ० |
| ५०–६० | ० | ५५ | ० |
| ६०–७० | १ | ६५ | ६५ |
| ७०–८० | ५ | ७५ | ३७५ |
| ८०–९० | ६ | ८५ | ५१० |
| ९०–१०० | १२ | ९५ | ११४० |
| जम्मा | N = २४ | | $\Sigma$fm =२०९० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{२०९०}{२४}$

= ८७.०८ उत्तर

तालिका ३० लाई विश्लेषण गर्दा कुल २४ जना संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८७.०८ प्रतिशत देखिन्छ । ८७.०८ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । संस्थागत

विद्यालयका पहिलो नेपाली मातृभाषीहरूको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८७.०८ प्रतिशत भएको तथ्य तालिका ३० ले देखाउँदछ । यसरी संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी विद्यार्थीको औसत ८०-९० को वर्गान्तरमा पर्ने भएकाले संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषीहरूको शब्दनिर्माण क्षमता राम्रो रहेको देखिन्छ ।

### ७.२.२.३ मध्यमानका आधारमा संस्थागत विद्यालयका नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तालिकामा कक्षा आठमा अध्ययनरत विद्यार्थीले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा संस्थागत विद्यालयका नेपाली गैरमातृभाषीहरूको मध्यमानका आधारमा शब्दनिर्माण क्षमताको पहिचान तालिका ३१ मा गरिएको छ :

**तालिका ३१**

**संस्थागत विद्यालयका नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ० | १५ | ० |
| २०-३० | ० | २५ | ० |
| ३०-४० | ० | ३५ | ० |
| ४०-५० | ० | ४५ | ० |
| ५०-६० | ० | ५५ | ० |
| ६०-७० | ० | ६५ | ० |
| ७०-८० | ३ | ७५ | २२५ |
| ८०-९० | ६ | ८५ | ५१० |
| ९०-१०० | १५ | ९५ | १४२५ |
| जम्मा | N = २४ | | $\Sigma$fm =२१६० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

$$\text{मध्यमान } (\bar{X}) = \frac{\Sigma fm}{N}$$

$$= \frac{२१६०}{२४}$$

$$= ९० \text{ उत्तर}$$


तालिका ३१ लाई विश्लेषण गर्दा कुल २४ जना संस्थागत विद्यालयका नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ९० देखिन्छ । ९० औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । संस्थागत विद्यालयका नेपाली गैरमातृभाषी विद्यार्थीहरूको सिकाइ उपलब्धि ८०-९० को वर्गान्तरमा पर्ने भएकाले संस्थागत विद्यालयका गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमता राम्रो रहेको छ ।

**७.२.२.४ स्तम्भचित्रका आधारमा संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी/ नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमताको अध्ययन**

प्रस्तुत तलको चित्रका आधारमा कक्षा आठमा अध्ययनरत संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा शब्दनिर्माण क्षमताको पहिचान चित्र ८ मा गरिएको छ :

**चित्र ८**

**संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमताको अध्ययन**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

चित्र ८ मा स्तम्भ चित्रमा हेर्दा संस्थागत विद्यायका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमतामा संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी विद्यार्थी ९०-१०० प्रतिशतमा १२ जना र संस्थागत विद्यालयका नेपाली गैरमातृभाषी विद्यार्थी ९०-१०० प्रतिशतमा १५ जना विद्यार्थी रहेको तथ्य चित्र ८ ले देखाउँदछ । यसरी संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण ९०-१०० को वर्गान्तरमा पर्ने भएकाले संस्थागत विद्यालयका पहिलो नेपाली मातृभाषी/नेपाली गैरमातृभाषीहरूको शब्दनिर्माण क्षमता अति राम्रो रहेको छ ।

### ७.२.२.५ संस्थागत विद्यालयका छात्र/छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तलको तालिका अनुसार सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत संस्थागत विद्यालयका कुल ४८ जना विद्यार्थीहरूमध्ये संस्थागत विद्यालयका छात्र २४ जना र संस्थागत विद्यालयका छात्रा २४ जना विद्यार्थीहरूको प्राप्ताङ्क प्रतिशतलाई तालिका ३२ मा व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका ३२**

**संस्थागत विद्यालयका छात्र/छात्राहरूको शब्दनिर्माण क्षमता**

| संस्थागत विद्यालय | | ०-२० प्र. | २१-३० प्र. | ३१-४० प्र. | ४१-५० प्र. | ५१-६० प्र. | ६१-७० प्र. | ७१-८० प्र. | ८१-९० प्र. | ९१-१०० प्र. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | संख्या | ० | ० | ० | ० | ० | १ | ५ | ८ | १० |
| छात्रा | | ० | ० | ० | ० | ० | ० | ३ | ५ | १६ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

तालिका ३२ लाई विश्लेषण गर्दा संस्थागत विद्यालयका कुल ४८ जना विद्यार्थीहरूमध्ये संस्थागत विद्यालयका छात्र २४ जना र छात्रा २४ जना रहेका छन् । क्रमशः संस्थागत विद्यालयका छात्र विद्यार्थी ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत ० जना, ५१-६० प्रतिशत ० जना, ६१-७० प्रतिशत १ जना, ७१-८० प्रतिशत ५ जना ८१-९० प्रतिशत ८ जना, ९१-१००

प्रतिशत १० जना साथै संस्थागत विद्यालयका छात्रा विद्यार्थी ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत ० जना, ५१-६० प्रतिशत ० जना, ६१-७० प्रतिशत ० जना, ७१-८० प्रतिशत ३ जना, ८१-९० प्रतिशत ५ जना, ९१-१०० प्रतिशत १६ जना रहेका छन् । संस्थागत विद्यालयका छात्रा ९१-१०० प्रतिशतमा १६ जना रहेका छन् । यसरी संस्थागत विद्यालयका छात्र/छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमतामा विद्यार्थीको सङ्ख्यामा सबैभन्दा बढी १० जनाको रहेतापनि वर्गान्तरमा संस्थागत विद्यालयका छात्र ७१-८० प्रतिशतमा रहेकाले संस्थागत विद्यालयको शब्दनिर्माण अति उत्तम रहेको छ भने संस्थागत विद्यालयका छात्रा ९१-१०० को वर्गान्तरमा सबैभन्दा बढी विद्यार्थी सङ्ख्या भएकाले संस्थागत विद्यालयका छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमता अति राम्रो रहेको छ ।

### ७.२.२.६ मध्यमानका आधारमा संस्थागत विद्यालयका छात्रहरूको शब्दनिर्माण क्षमताको अध्ययन

प्रस्तुत तालिकामा संस्थागत विद्यालयका कक्षा आठका छात्र विद्यार्थीले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा तलको तालिका ३३ विश्लेषण गरिएको छ :

**तालिका ३३**

**संस्थागत विद्यालयका छात्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | ० | ३५ | ० |
| ४०–५० | ० | ४५ | १ |
| ५०–६० | ० | ५५ | ० |
| ६०–७० | १ | ६५ | ६५ |
| ७०–८० | ५ | ७५ | ३७५ |
| ८०–९० | ८ | ८५ | ६८० |
| ९०–१०० | १० | ९५ | ९५० |
| जम्मा | N = २४ | | $\sum$fm =२०७० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{२०७०}{२४}$

= ८६.२५ उत्तर

तालिका ३३ लाई विश्लेषण गर्दा कुल २४ जना संस्थागत विद्यालयका छात्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८६.२५ देखिन्छ । ८६.२५ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । संस्थागत विद्यालयका छात्र विद्यार्थीहरूको सिकाइ उपलब्धि ८०-९० को वर्गान्तरमा पर्ने भएकाले संस्थागत विद्यालयका छात्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमता राम्रो रहेको छ ।

### ७.२.२.७ मध्यमानका आधारमा संस्थागत विद्यालयका छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तलको तालिकाअनुसार कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतलाई मध्यमानका आधारमा तालिका ३४ मा विश्लेषण गरिएको छ :

**तालिका ३४**

**संस्थागत विद्यालयका छात्राहरूको शब्दनिर्माण क्षमताको मध्यमान**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | ० | १५ | ० |
| २०–३० | ० | २५ | ० |
| ३०–४० | ० | ३५ | ० |
| ४०–५० | ० | ४५ | ० |
| ५०–६० | ० | ५५ | ० |
| ६०–७० | ० | ६५ | ० |
| ७०–८० | ३ | ७५ | २२५ |
| ८०–९० | ५ | ८५ | ४२५ |
| ९०–१०० | १६ | ९५ | १५२० |
| जम्मा | N = २४ | | Σfm =२१७० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

मध्यमान ( $\bar{X}$) = $\frac{\Sigma fm}{N}$

= $\frac{२१७०}{२४}$

= ९०.४१ उत्तर


तालिका ३४ लाई विश्लेषण गर्दा कुल २४ जना संस्थागत विद्यालयका छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ९०.४१ देखिन्छ । ९०.४१ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । संस्थागत विद्यालयका छात्रा विद्यार्थीहरूको सिकाइ उपलब्धि ८०-९० को वर्गान्तरमा पर्ने भएकाले संस्थागत विद्यालयका छात्राहरूको शब्दनिर्माण क्षमता राम्रो रहेको छ ।

### ७.२.२.८ स्तम्भचित्रका आधारमा संस्थागत विद्यालयका छात्र/छात्राहरूको शब्दनिर्माण क्षमताको अध्ययन

उपर्युक्त तलको  चित्रानुसार कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतलाई आधार बनाएर तलको चित्र ९मा देखाइएको छ :

**चित्र ९**

**संस्थागत विद्यालयका छात्र/छात्राहरूको शब्दनिर्माण क्षमता**




स्थलगत अध्ययन, २०७३ ।

चित्र ९ स्तम्भ चित्रमा हेर्दा संस्थागत विद्यालयका छात्र/छात्रा विद्यार्थीहरूको शब्दनिर्माण संस्थागत विद्यालयका छात्र विद्यार्थी ९०-१०० प्रतिशतमा १० जना र संस्थागत विद्यालयका छात्रा विद्यार्थी ९०-१०० प्रतिशतमा १६ जना विद्यार्थी रहेको तथ्य चित्र ९ ले देखाउँदछ । यसरी संस्थागत विद्यालयका छात्र/छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमता ९१-१०० को वर्गान्तरमा १६ जना विद्यार्थी सबैभन्दा बढी पर्ने भएकाले संस्थागत विद्यालयको शब्दनिर्माण क्षमता अति राम्रो रहेको छ ।


## ७.३ स्तम्भचित्रका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा तल स्तम्भचित्र १० का आधारमा विश्लेषण गरिएको छ :

स्तम्भचित्र :

**चित्र १०**

**सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीको शब्दनिर्माण क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

चित्र १० स्तम्भचित्रमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थी ९०-१०० प्रतिशतमा १६ जना र संस्थागत विद्यालयका विद्यार्थी ९०-१०० प्रतिशतमा २५ जना विद्यार्थी रहेको

तथ्य चित्र १० ले देखाउँछ । यसरी स्तम्भचित्रका आधारमा विश्लेषण गर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमता अति राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

## ७.४ समग्र मध्यमानका आधारमा सामुदायिक र संस्थागत दृष्टिले शब्दनिर्माण क्षमताको स्थिति

उपर्युक्त तालिकामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतका आधारमा तलको तालिका ३५ बाट स्पष्टीकरण गरिएको छ :

**तालिका ३५**

**सामुदायिक र संस्थागत दृष्टिले शब्दनिर्माण क्षमताको मध्यमान अवस्था**

| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | समूह | | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सं. | प्र. | सं. | प्र. |
| जना | ८५.५२ | विद्यालयको प्रकृतिको आधार | सामुदायिक विद्यालय | ४८ | २९ | ६० | १९ | ३९ |
| ९६ | | | संस्थागत विद्यालय | ४८ | ३७ | ७७ | ११ | २२ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथि देखाइएको तालिकाअनुसार विद्यालयको प्रकृतिका आधारमा शब्दनिर्माण क्षमता परीक्षण गर्नका लागि सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थी गरी कुल विद्यार्थी सङ्ख्यालाई छुट्याइएको छ । सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या ४८ जना र संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या ४८ जना प्रस्तुत अध्ययनमा संलग्न गराइएको छ ।

समग्र मध्यमान ८३.८ लाई आधार बिन्दु मानेर हेर्दा सामुदायिक विद्यालयका विद्यार्थी २९ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र १९ जना अर्थात्

३९ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको देखिएको छ । अर्कोतर्फ संस्थागत विद्यालयका विद्यार्थी समूहतर्फ समग्र मध्यमानलाई आधार बनाएर तयार पारिएको तालिकाअनुसार ४८ जना विद्यार्थीमध्ये मध्यमानभन्दा माथि ३७ जना अर्थात् ७७ प्रतिशत र मध्यमानभन्दा तल ११ जना अर्थात् २२ प्रतिशत विद्यार्थी रहेको देखाइएको छ ।

## ७.५ निष्कर्ष

प्रस्तुत अध्यायमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको पहिचान गरिएको छ जसमा तिन/तिन ओटा विद्यालयको अवस्था पहिल्याइएको छ । प्रतिशतको आधारमा प्राप्ताङ्कको विश्लेषण गर्दा सामुदायिक विद्यालयको ९१-१०० वर्गान्तरमा १६ जना र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमता ९१-१०० को वर्गान्तरमा २५ जना रहेका छन् त्यसैले संस्थागत विद्यालयको शब्दनिर्माण राम्रो रहेको छ र मध्यमानलाई आधार बनाएर हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको बढी प्राप्ताङ्क ८०-९० को वर्गान्तरमा प्राप्त भएको छ । त्यस्तैगरी स्तम्भचित्रका आधारमा संस्थागत विद्यालय ९१-१०० को वर्गान्तरमा २५ जना रहेकाले उच्च रहेको पाउन सकिन्छ । समग्र मध्यमानभन्दा माथि संस्थागत विद्यालय र समग्र मध्यमानभन्दा तल संस्थागत विद्यालय रहेको देखिन्छ । यसरी सामुदायिक विद्यालयका विद्यार्थीहरू शब्दनिर्माण मध्यमानभन्दा माथि संस्थागत विद्यालयका विद्यार्थीभन्दा ७ जनाले कम भएकाले कमजोर रहेको पाइयो भने संस्थागत विद्यालयको विद्यार्थीहरूको शब्दनिर्माण क्षमता सक्रिय रहेको निष्कर्ष निकालिएको छ ।

**अध्याय : आठ**

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

प्रस्तुत शोधकार्य सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन हो । यस शोधकार्यमा जम्मा आठ अध्याय समावेश गरिएको छ । अध्याय एकमा शोधको परिचय शीर्षक दिई त्यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, अध्ययनको परिसीमा/सीमाङ्कन, शोधपत्रको रूपरेखा जस्ता उपशीर्षक राखी उक्त उपशीर्षकहरूको चर्चा गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा शीर्षक दिई पूर्वकार्यको पुनरावलोकन, सम्बद्ध पुस्तक पुनरावलोकन सम्बद्ध शोधकार्यको पुनरावलोकन, सैद्धान्तिक अवधारणा, शब्दनिर्माणको परिचय शब्दनिर्माणप्रक्रिया जसमा उपशीर्षक सर्गप्रक्रियाद्वारा शब्दनिर्माण, समासप्रक्रियाद्वारा शब्दनिर्माण, द्वित्वप्रक्रियाद्वारा शब्दनिर्माण आदि जस्ता शीर्षक तथा उपशीर्षक दिई तिनीहरूको व्याख्या तथा विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

अध्याय तिनमा शोधविधि र प्रक्रिया शीर्षक दिई जसमा अध्ययन विधि, अध्ययन प्रक्रिया, जनसङ्ख्या पहिचान तथा क्षेत्र, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका स्रोत, प्राथमिक स्रोत, द्वितीयक स्रोत, उपकरण निर्माण, पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन, तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रक्रियाको अध्ययन गरिएको छ ।

अध्याय चारमा सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमता, कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताका स्थिति, मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन, स्तम्भचित्रका आधारमा समग्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन, समग्रताका दृष्टिले शब्दनिर्माण क्षमताको स्थितिलाई प्रतिशत, मध्यमान र स्तम्भचित्रका आधारमा विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको तुलनात्मक स्थिति, पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन, मध्यमानका आधारमा पहिलो नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन, पहिलो नेपाली मातृभाषी छात्र/छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन, मध्यमानका आधारमा पहिलो नेपाली मातृभाषी छात्र विद्यार्थीहरूको शब्दनिर्माण, मध्यमानका आधारमा पहिलो नेपाली मातृभाषी छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन, स्तम्भचित्रका आधारमा पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन र समग्रताका आधारमा भाषिक पृष्ठभूमिको विश्लेषण गरिएको छ ।

अध्याय छमा लैङ्गिकताका आधारमा छात्रछात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन, मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमता मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन स्तम्भचित्रका आधारमा छात्रछात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको प्रतिशताङ्क, मध्यमान र स्तम्भचित्रका आधारमा अध्याय छमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यका लागि सोलुखुम्बु जिल्लाका सामुदायिक र संस्थागत विद्यालयअन्तर्गत कक्षा आठको विद्यार्थीहरूलाई छनोट गरी अध्ययन सम्पन्न गरिएको छ । जसका लागि तिनओटा सामुदायिक र तिनओटा संस्थागत विद्यालयहरूबाट ९६ जना जम्मा विद्यार्थीहरूमध्ये ४८ छात्र र ४८ छात्राहरू समावेशित छन् । अध्ययनका लागि आवश्यक समग्र तथ्याङ्क सङ्कलनका लागि नमुना छनोट पद्धतिलाई अपनाइएको छ । यो अध्ययन क्षेत्र भ्रमण विधिमा आधारित छ । उक्त विद्यार्थीहरूमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमता साथै भाषिक पृष्ठभूमिको आधारमा पहिलो नेपाली मातृभाषी र नेपाली गैरमातृभाषी, उक्त विद्यार्थीहरूमा लैङ्गिक आधार छात्र र छात्र साथै विद्यालयका प्रकृतिका आधारमा सामुदायिक र संस्थागत रूपमा विभाजन गरी तुलनात्मक विश्लेषण गरिएको छ । यी उद्देश्यहरूको विश्लेषण गर्ने आधार भनेको मध्यमान र प्रतिशतलाई लिइएको छ ।

कुल ९६ जना विद्यार्थीहरूमध्ये क्रमश ०-२० प्रतिशत ० जना, २१-३० प्रतिशत ० जना, ३१-४० प्रतिशत ० जना, ४१-५० प्रतिशत १ जना, ५१-६० प्रतिशत १ जना र ६१-७० प्रतिशत ४ जना, ७१-८० प्रतिशत २२ जना, ८१-९० प्रतिशत २६ जना र ९१-१०० प्रतिशत ४२ जना विद्यार्थीको शब्दनिर्माण क्षमता रहेको देखिन्छ । सबैभन्दा बढी ४२ जना विद्यार्थीको शब्दनिर्माण क्षमता ९१-१०० प्रतिशत छ भने सबैभन्दा कम ० जना विद्यार्थीको शब्दनिर्माण क्षमता ०-२० प्रतिशत, २१-३० प्रतिशत ३१-४० प्रतिशत विद्यार्थीहरू रहेको छ ।

कुल ९६ जना विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८५.५२ देखिन्छ । ८५.५२ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । विद्यार्थीको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८५.५२ प्रतिशत भएको तथ्य अध्ययनले देखाउँछ ।

कुल ४८ जना पहिलो नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८४.३७ देखिन्छ ८४.३७ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । पहिलो नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको सिकाइ उपलब्धि ८४.३७ प्रतिशत भएको तथ्य अध्ययनले देखाउँछ । कुल ४८ जना नेपाली गैरमातृभाषी विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८६.८७ देखिन्छ । ८६.८७ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । नेपाली गैरमातृभाषी विद्यार्थीको शब्दनिर्माण क्षमताको सिकाइ उपलब्धि ८६.८७ प्रतिशत भएको तथ्य अध्ययनले देखाउँछ ।

लैङ्गिकताका आधारमा शब्दनिर्माण क्षमता छात्रतर्फ ९१-१०० प्रतिशत १८ जना र छात्रातर्फ ९१-१०० प्रतिशत २३ जना रहेको देखिन्छ । कुल ४८ जना छात्र विद्यार्थीहरूको शब्दनिर्माणका क्षमताको मध्यमान औसत अवस्था ८३.७५ देखिन्छ । ८३.७५ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । छात्र विद्यार्थीको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८३.७५ प्रतिशत भएको तथ्य अध्ययनले देखाउँछ । कुल ४८ जना छात्रा विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत ८७.२९ देखिन्छ । ८७.२९ औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । छात्रा विद्यार्थीको

शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८७.२९ प्रतिशत भएको तथ्य अध्ययनले देखाउँछ ।

कुल ४८ जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ७०.९७ प्रतिशत देखिन्छ । ७०.९७ प्रतिशत औसत मध्यमान ७०-८० को वर्गान्तर बिचमा रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ७०.९७ प्रतिशत भएको तथ्य अध्ययनले देखाउँछ । कुल ४८ जना संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको मध्यमान औसत अवस्था ८८.३३ प्रतिशत देखिन्छ । ८८.३३ प्रतिशत औसत मध्यमान ८०-९० को वर्गान्तर बिचमा रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको औसत सिकाइ उपलब्धि ८८.३३ प्रतिशत भएको तथ्य अध्ययनले देखाउँछ ।

अनुसन्धानको अध्ययनबाट हेर्दा नेपाली शब्दनिर्माण क्षमताको समग्र स्थितिमा छात्रा भन्दा छात्र अलि कमजोर रहेको देखिएको छ । यसैगरी नेपाली पहिलो भाषी र नेपाली गैरभाषी विद्यार्थीहरूका तुलना गर्दा नेपाली गैरमातृभाषी विद्यार्थीहरू केही मात्रामा सबल रहेको देखिएको छ ।

यस अध्ययनलाई हेर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दनिर्माण क्षमता सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्याललका विद्यार्थीहरूको शब्दनिर्माण क्षमता सबल रहेको देखिन्छ ।

शब्दनिर्माण क्षमतामा समग्र विद्यार्थीहरू केही मात्रामा सबल नै देखिए पनि रचनात्मक शब्दनिर्माण क्षेत्रमा विद्यार्थीहरू खासै सन्तोषजनक नै रहेको देखिएको छ भने कतिपय विद्यालयका विद्यार्थीले पाठ्यपुस्तकमा भएका पाठमा भएका शब्दहरू निर्माण गर्न कण्ठ गर्नमा मात्र विद्यार्थीहरू दत्तचित्र रहेको पुष्टि हुन्छ । सृजनात्मक रूपमा शब्दनिर्माणमा भाषिक क्षमतामा विद्यार्थीहरूको अवस्था सुधारयोग्य नै रहेको छ ।

## ८.२ निष्कर्ष

सोलुखुम्बु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको नेपाली पाठ्यपुस्तकमा समावेश शब्दनिर्माण क्षमताको अध्ययनबाट निम्नलिखित निष्कर्षहरू निकालिएको छ :

(क) कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कलाई नमुनाको रूपमा छनोट गरिएको थियो । जसमा विद्यार्थीहरूलाई ५० पूर्णाङ्कको परीक्षा लिइएको थियो । जसअन्तर्गत ० देखि २० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी ० जना रहेका छन् । २१ देखि ३० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी ० जना रहेका छन् । ३१ देखि ४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी ० जना रहेका छन् । ४१ देखि ५० प्रतिशतसम्म १ जना रहेका छन् । ५१ देखि ६० प्रतिशतसम्म १ जना रहेका छन् । ६१ देखि ७० प्रतिशतसम्म ४ जना रहेका छन् । ७१ देखि ८० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २२ जना रहेका छन् । ८१ देखि ९० प्रतिशतसम्म अङ्क ल्याउने सङ्ख्या २६ जना रहेका छन् । त्यसैगरी ९१ देखि १०० प्रतिशतसम्म अङ्क ल्याउने सङ्ख्या ४२ जना रहेका छन् । तसर्थ समग्रमा भन्नुपर्दा ९१ देखि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या र प्रतिशत नै उच्च रहेको समग्र विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको स्थिति माथिको तालिकाबाट स्पष्ट देखिन्छ ।

(ख) समग्र मध्यमानलाई आधार बनाएर समग्र शब्दनिर्माण क्षमताको विश्लेषण गर्दा समग्र मध्यमान ८५.५२ रहेको छ भने ६१ अर्थात् ६३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन् भने ३५ जना अर्थात् ३६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा तल हुने विद्यार्थीहरूको सङ्ख्याभन्दा मध्यमानभन्दा माथि हुने विद्यार्थीहरूका सङ्ख्या बढी देखिएकाले समग्र शब्दनिर्माण क्षमतालाई सन्तोषजनक नै मान्न सकिन्छ ।

(ग) भाषिक पृष्ठभूमिका दृष्टिले विद्यार्थीहरूको समग्र शब्दनिर्माण क्षमतालाई समग्र मध्यमानका आधारले हेर्दा पहिलो भाषा नेपाली हुने विद्यार्थीको सङ्ख्या मध्यमानभन्दा माथि ५६ प्रतिशत र मध्यमानभन्दा तल ४३ प्रतिशत रहेको देखिन्छ । भने नेपाली गैरमातृभाषी हुने विद्यार्थीको सङ्ख्या मध्यमानभन्दा माथि ७५ प्रतिशत र मध्यमानभन्दा तल २५ प्रतिशत रहेको देखिएको छ । यस आधारले हेर्दा पहिलो नेपाली मातृभाषीको तुलनामा नेपाली गैरमातृभाषीको शब्दनिर्माण क्षमता अति राम्रो रहेको देखिन्छ ।

(घ) लिङ्गगत दृष्टिले विद्यार्थीहरूको समग्र शब्दनिर्माण क्षमतालाई समग्र मध्यमानका आधारले हेर्दा छात्रतर्फ मध्यमानभन्दा माथि ५६ प्रतिशत र मध्यमानभन्दा तल ४३ प्रतिशत विद्यार्थीहरू देखिएका छन् । छात्रातर्फ मध्यमान भन्दा माथि ७५ प्रतिशत र मध्यमान भन्दा तल ६६ प्रतिशत देखिएका छन् । यस आधारमा छात्रको तुलनामा छात्राहरूको शब्दनिर्माण क्षमता बढी रहेको देखिन्छ ।

(ङ) लिङ्गगत दृष्टिले विद्यार्थीहरूको समग्र शब्दनिर्माण क्षमतलाई लिङ्गगत मध्यमानका आधारले हेर्दा छात्रतर्फ मध्यमानभन्दा माथि ६२ प्रतिशत र मध्यमानभन्दा तल ३७ प्रतिशत विद्यार्थीहरू देखिएका छन् । छात्रातर्फ मध्यमानभन्दा माथि ६८ प्रतिशत र मध्यमानभन्दा तल २९ प्रतिशत देखिएका छन् । यस आधारमा छात्राहरूको तुलनामा छात्रहरूको शब्दनिर्माण क्षमता समान रहेको देखिन्छ ।

(च) विद्यालयका प्रकृतिका दृष्टिले विद्यार्थीहरूको समग्र शब्दनिर्माण क्षमतालाई समग्र मध्यमानका आधारले हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको सङ्ख्या मध्यमानभन्दा माथि ६० संस्थागत विद्यालयका विद्यार्थीको सङ्ख्या मध्यमानभन्दा माथि ७७ प्रतिशत र मध्यमानभन्दा तल सामुदायिक विद्यालयको ३४ प्रतिशत र संस्थागत विद्यालयको २२ प्रतिशत रहेको देखिन्छ ।

यस आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीको शब्दनिर्माण क्षमता राम्रो रहेको देखिन्छ ।

## ८.३ उपयोगिता

प्रस्तुत शोधपत्रको परिणाम तथा निष्कर्षलाई पनि नेपाली समुदाय, संघ, संस्था, व्यक्ति, अनुसन्धाता, विद्वान् जिज्ञासु आदि पक्षको लागि उपयोगी हुने स्पष्ट छ जसका कारण उपयोग गर्न मिल्ने अर्थात् उपयोग गर्न लायकपना नै उपयोगिता हो । हरेक चिज वा वस्तु मानव जीवनको कुनै न कुनै पक्षमा उपयोग गर्न सकिने किसिमको हुन्छ । एउटा निश्चित समस्यामा केन्द्रित रही खास उद्देश्य प्राप्तिका लागि सम्पन्न गरिएको शोधकार्यको धेरै स्थानहरूमा हुने कुरा प्रस्ट छ ।

भाषाको मूलभूत अवयव शब्दनिर्माण हो । शब्दको सैद्धान्तिक अध्ययन, वर्गीकरण तथा नेपाली भाषाको शब्दनिर्माण क्षमता, सामुदायिक र संस्थागत विद्यालयमा नेपाली शब्दनिर्माणको स्थिति आदि विषयको अध्ययनका लागि प्रस्तुत शोधकार्य खोजनीय हुने विश्वास गर्न सकिन्छ । सामुदायिक र संस्थागत विद्यालयहरूको पनि छात्रछात्राहरूका बिचमा नेपाली शब्दनिर्माण क्षमताको तुलनात्मक अध्ययनका निमित्त यस शोधपत्रले निश्चित आधार प्रदान गर्ने देखिन्छ । यसरी भाषिक पृष्ठभूमिका कारणले आउने नेपाली शब्दनिर्माण क्षमताको सबल र दुर्बल पक्षहरू साथै प्रकृतिका आधारमा विद्यार्थीहरूको शब्दनिर्माणको नीति निर्माताका लागि यो उपयोगी सामग्री हुने निश्चित छ ।

### ८.३.१ नीतिगत तह

प्रस्तुत अध्ययनका नीतिगत तहलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) यस अध्ययनबाट सम्बन्धित भाषापाठ्यक्रम परिष्कार र परिमार्जन गर्न सहयोग पुग्दछ ।

(ख) पाठ्यपुस्तक निर्माण गर्दा क्षेत्र, लिङ्ग, भाषिक पृष्ठभूमि आदि कुराको ख्याल गर्दछ ।

(ग) भाषा सिक्नु परीक्षा पास गर्नु मात्र नभएर व्यक्तिको व्यावहारिक पक्षको पनि परिवर्तन हुनु यसका लागि भाषासम्बन्धी नीति सबल हुन्छ ।

(घ) पाठ्यपुस्तकमा शब्दहरूको चयन गर्दा पहिलो भाषाको रूपमा नेपाली बोल्ने विद्यार्थीहरूलाई मात्र ख्याल नगरी नोपली गैरमातृभाषी भाषाको रूपमा नेपाली बोल्ने विद्यार्थीहरूलाई पनि ध्यानमा राख्दछ ।

(ङ) विद्यार्थीहरूका लागि पाठ्यक्रम तयार गर्दा पाठ्यक्रमविद्हरूलाई स्तर क्षमताका आधारमा पाठ्यवस्तुको छनोट र स्तरणमा सहयोग गर्दछ ।

(च) यस शोधकार्यले शब्दनिर्माणसम्बन्धी अध्ययन अनुसन्धानका लागि आधार प्रदान गर्दछ ।

(छ) भाषा पाठ्यक्रममा समावेश गरिने भाषिक सिपका उद्देश्य पुरा हुने गरी पाठ्यवस्तु छनोट र स्तरण गर्न सहयोग गर्दछ ।

### ८.३.२ प्रयोगगत तह

प्रस्तुत शोधपत्र सबै क्षण, क्षेत्र, समय र सन्दर्भमा प्रयोग नभए पनि यसको मुख्य उद्देश्य एवम् विषय प्रकृतिसँग मिल्दो क्षेत्रमा भने उपयोगी हुने निश्चित छ । यसैगरी सोलुखुम्बु जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरूले आफ्ना विद्यालयको विद्यार्थीहरूको नेपाली शब्दनिर्माण क्षमतामा के कस्तो स्थान छ । त्यसमा आफ्नो विद्यालयको तर्फबाट के कस्तो सोच बनाई तयारी गर्नुपर्ने हो भन्ने सम्बन्धमा उपयुक्त जानकारी लिने अपेक्षा गरिएको छ । प्रस्तुत अध्ययनका प्रयोगगत तहलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) यस अध्ययनले विषय शिक्षकलाई नेपाली भाषा शिक्षण गर्दा विद्यार्थीहरूको शब्दनिर्माण क्षमतामा भाषाको प्रयोग गर्न सचेत तुल्याउछ ।

(ख) भाषा शिक्षणमा आधुनिक विधि प्रयोग गरी विद्यार्थी केन्द्रित शिक्षण गर्न सहयोग गर्दछ ।

(ग) यस अध्ययनबाट शब्दनिर्माण दृष्टिले पाठ्यपुस्तकको कठिनाइस्तर अनुमान गर्न सहयोग गर्दछ ।

(घ) शिक्षकलाई उपयुक्त शिक्षण विधिको प्रयोग गरी प्रभावकारी शिक्षण गर्न समेत बनाउँछ ।

(ङ) यस शोधकार्यले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई शब्दनिर्माण क्षमताको विकास गर्न सहयोग गर्दछ ।

(च) विद्यार्थीहरूको लेखन सिपको विकास गराउँदा व्याकरण र वर्णविन्यास त्रुटिहरूको निराकरणमा सहयोग पुऱ्याउँदछ ।

(छ) विद्यार्थीहरूलाई नेपाली भाषा शिक्षण गराउँदा विषय शिक्षकलाई समयमा नै जानकारी भई निराकरणका उपाय खोज्न सहयोग गर्दछ ।

# सन्दर्भसूची


अधिकारी, बालकृष्ण (२०७१), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

अधिकारी, हेमाङ्गराज (२०७१), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६३), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, अञ्जु (२०६२), 'कक्षा सात पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

अर्याल, अञ्जु (२०६७), 'कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

उपाध्याय, तारापति र उपाध्याय, द्रोणकुमार (२००५), *आदर्श नेपाली व्याकरण,* विराटनगर-१३, हरेश्वर छापाखाना ।

उपाध्याय, भगवान (मिवे), *अनिवार्य नेपाली,* काठमाडौँ : बालचन्द्र पुस्तकालय ।

खतिवडा, बेणुप्रसाद (२०६६), 'तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

खनाल, पेशल (२०७२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँः सनलाइट पब्लिकेसन ।

खनाल, पुरुषोत्तम (२०६९), 'अनौपचारिक शिक्षाको 'नयाँ किरण' पाठ्यपुस्तकमा समाविष्ट शब्दभण्डारको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गौतम, इन्दिरा (२०७०), 'माइतघर उपन्यासमा प्रयुक्त शब्दभण्डारको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गौतम, देवीप्रसाद, भण्डारी, पारसमणि र ओझा, रामनाथ (२०७१), *स्नातक नेपाली,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

थापा, चन्द्रबहादुर (२०६१), 'कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

नेपाल, ध्रुवप्रसाद र दिनेश घिमिरे (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८),* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाण्डे, हेमराज (१९६९), *चन्द्रिका,* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०५५), *राष्ट्रभाषा,* ललितपुर : साझा प्रकाशन ।

पुन, कल्पना (२०७१), 'कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पौडेल, राधा (२०६४), 'कक्षा छ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पौडेल, अर्जुनप्रसाद (२०६९), 'मकवानीवाला महाकाव्यमा प्रयुक्त तत्सम शबदहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०७२), *माध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास,* काठमाडौँ : तलेजु प्रकाशन ।

भट्टराई, डि.पी. र ढुङ्गेल, डिल्लीराम (२०५५), *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, बालकुमारी (२०६०), 'कक्षा नौको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भट्टराई, भरतकुमार (२०५८), *नवीन माध्यमिक व्याकरण र रचना,* काठमाडौँ : कोसेली प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भट्टराई, श्यामकुमार (२०६६), 'कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कानुनी शब्दावलीको विश्लेषण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भट्टराई, श्यामप्रसाद (२०६७), 'कक्षा पाँचको नेपाली पाठ्यपुस्तक समाविष्ट तत्सम शब्दहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भण्डारी, पारसमणि, ओझा, रामनाथ र अर्याल, डोलराज (२०७१), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

राई, अगम (२०६७), 'कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

लम्साल, रामचन्द्र, अधिकारी, बाबुराम, गौतम, वासुदेव, अधिकारी, गणेशराज (२०६७), *साहित्यशास्त्र, नेपाल समालोचना र शोधविधि,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लम्साल, रामचन्द्र, ज्ञवाली, रामचन्द्र (२०७२), *नेपाली किताब कक्षा आठ,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, मित्रलाल (२०६७), 'कक्षा चार पूरा गरेका दृष्टिविहीन विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

शर्मा, मोहनराज (२०५३), *शब्दरचना र वर्णविन्यास,* काठमाडौँ : नवीन प्रकाशन ।

सिग्द्याल, सोमनाथ (२०५५), *मध्यचन्द्रिका,* ललितपुर : साझा प्रकाशन ।